# बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनहरूको सङ्कलन र अध्ययन

त्रिभुवन विश्व विद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर
तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्र (५४०-६) को
प्रयोजनको लागि प्रस्तुत

**अध्ययन पत्र**

**प्रस्तोता**
वासना के. सी
शैक्षिक सत्र : ११/२०६८
त्रि.वि. दर्ता नं. ९-१-४८-२५२१-२००५
नेपाली विभाग
त्रिभुवन विश्व विद्यालय
पृथ्वी नारायण क्याम्पस, पोखरा
२०७२

# निर्देशकको सिफारिस

प्रस्तुत बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनहरुको संकलन र अध्ययन शीर्षकको अध्ययन पत्रमा त्रिभुवन विश्वविद्यालय, पृथ्वी नारायण क्याम्पस नेपाली विभाग, स्नातकोत्तर तह, द्वितीय वर्षका ११/०६८ क्रमाङ्कका छात्रा वासना के.सी ले मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सम्वद्ध निकायमा सिफारिस गर्दछु ।

.........................................

सह प्रध्यापक

कृष्ण प्रसाद पौडेल

अध्ययन पत्र निर्देशक

नेपाली विभाग

पृथ्वी नारायण क्याम्पस

पोखरा

मिति : २०७२/०७/२३

ई.स. : २०१५/११/०९

## कृतज्ञता ज्ञापन

लोकसाहित्य लोक सस्कृतिको एउटा अंग हो । यही लोकसाहित्यको सर्वाधिक चर्चित विधा नेपाली लोकगीतको उपविधाका रुपमा स्वीकार गरिएका लोकभजन समाजका अमूल्य निधि मानिन्छन् । लोकसाहित्य महत्वपूर्ण उपविधालाई गीतको प्राचीन रुप मानिएको हुँदा अनुसन्धानको विषयवस्तु बनाई बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनको संकलन र अध्ययन भनी यस भेकमा अनुसन्धान नभएकाले यस्ता लोकभजनमा पाइने विषयवस्तु शिल्पपक्षलाई प्रस्तुत गर्ने हेतुले अनुसन्धानको विषयवस्तु बनाइएको छ ।

यस अध्ययनमा कास्की जिल्ला बाटुलैचौर क्षेत्रमा प्रचलित लोकभजनहरुको संकलन गरी वर्गीकरण गर्ने क्रममा स्वस्थानी पूजा, शिवरात्रि, कृष्णअष्ठमी, चौरासी पूजा, घरपैंचो, रुद्री, सत्यनारायण पूजा आदिजस्ता शुभकार्यहरुमा उपस्थित भई सामग्री संकलन गर्ने काम भएको छ । भजनहरु संकलनका क्रममा स्थलगत भ्रमण गरी भजन गायकहरुसंग प्रत्यक्ष भेटी अन्तवार्ता लिइएको र भजन गाएको अवसर पारी भजन र आवश्यक फोटोहरु संकलन गरिएको छ । संकलित भजनहरुलाई लोकसाहित्यिक दृष्टिवाट अध्ययन गरी लोप हुने अवस्थामा रहेका भजनहरुको संकलन प्रमुख भजन गायकहरुको नामावली उल्लेख गर्दै त्यसको समाजशास्त्रीय अध्ययन गरी लोकगीतको एक भेदका रुपमा भजनलाई स्थापित गरिएको छ ।

यो अध्ययन पत्र तयार गर्ने क्रममा पृथ्वीनारायण क्याम्पस नेपाली विभागका विभागीय प्रमुख प्रा. डा. विष्णु प्रसाद पौडेल ज्युले अध्ययन पत्र प्रस्ताव स्वीकार गरी अनुसन्धान गर्ने अवसर दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै आवश्यक सुझाव सहित निर्देशन गर्नुहुने यस अध्ययन पत्रका निर्देशक आदरणीय गुरु सहप्राध्यापक श्री कृष्ण प्रसाद पौडेल ज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनपत्र तयार पार्दा सहयोग पुऱ्याउनुहुने मेरा साथीहरु, घरपरिवार, साथै बाटुलेचौरका बुबाआमा, दाजुभाई, दिदी बहिनी, स्थानिय समाजसेवीहरुको सहयोग सधैं स्मरणीय रहनेछ । साथै छपाई तथा प्रशोधनको लागि सहयोग पुऱ्याउने पर्फेक्ट कम्प्युटर सिस्टम परिवार प्रति पनि अभार व्यक्त गर्दछु ।


मिति : २०७२/०७/२३
ई.स. : २०१५/११/०९


वासना के.शी
नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस पोखरा

## विषय सूची


पृष्ठ

शीर्षक

निर्देशकको सिफारिस

विभागको स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

सङ्क्षिप्त रुप

**पहिलो अध्याय : अध्ययन पत्रको परिचय** **१-६**

१.१ विषय परिचय १

१.२ शोध पत्रको शीर्षक २

१.३ शोध पत्रको प्रयोजन २

१.४ समस्या कथन २

१.५ उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधपत्रको औचित्य ५

१.८ शोधपत्रको क्षेत्र र सीमा ५

१.९ अध्ययन विधि ५

१.१० अध्ययन पत्रको रूपरेखा ६

**दोस्रो अध्याय : बाटुलेचौर क्षेत्रको परिचय** **७-९**

२.१ बाटुलेचौर क्षेत्रको परिचय ७

२.२ सामाजिक रहनसहन ७

२.३ धार्मिक तथा ऐतिहासिक महत्व ८

२.४ चाडपर्वहरु ९

२.५ शैक्षिक अवस्था ९

**तेस्रो अध्याय : लोकभजनको सैद्धान्तिक परिचय** **१०-१७**

३.१ लोक साहित्यको चिनारी १०

३.२ लोकगीतको सिद्धान्त ११

३.२.१ लोकगीतको परिचय ११

३.३ लोकगीतका तत्वहरु १३

३.३.१ लय १३

३.३.२ संरचना १३

३.३.३ गेयता १३

३.३.४ कथन पद्धति १३

३.३.५ भाषा १३

३.३.६ भाव १४

३.४ लोकगितका विशेषताहरु १४

| | | |
|---|---|---|
| ३.५ | लोकगीतका प्रकारहरु | १५ |
| ३.६ | लोकगीत र लोकभजन | १६ |
| **चौथो अध्याय :** | **बाटुलेचौर क्षेत्रका लोकभजनहरुको संकलन र वर्गीकरण** | **१८-२७** |
| ४.१ | लोकभजनको परिचय | १८ |
| ४.२ | भजनको महत्व | १९ |
| ४.३ | लोकभजनका तत्वहरु | १९ |
| | ४.३.१ संरचना | २० |
| | ४.३.२ लय वा भाका | २० |
| | ४.३.३ गेयता | २० |
| | ४.३.४ कथन पद्दति | २० |
| | ४.३.५ भाषा शैली | २० |
| | ४.३.६ भावभक्ति | २१ |
| ४.४ | बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको परिचय | २१ |
| ४.५ | भजनहरुको वर्गीकरण | २३ |
| | ४.५.१ मंगलाचरण | २४ |
| | ४.५.२ आरती भजन | २४ |
| | ४.५.३ ख्याली भजन | २५ |
| | ४.५.४ वैराग्य भजन | २६ |
| | ४.५.५ कृषिमा आधारित भजन | २६ |
| | ४.५. ६ माया प्रेमसंग सम्बन्धित भजन | २७ |
| | ४.५.७ विरह वेदनामा आधारित भजन | २७ |
| **पाचौं अध्याय :** | **बाटुलेचौर क्षेत्रका लोकभजनहरुको विश्लेषण** | **२८-४०** |
| ५.१ | बाटुलेचौर क्षेत्रका लोकभजनहरुको विश्लेषण | २८ |
| | ५.१.१ गणेशसंग सम्बन्धित भजन | २९ |
| | ५.१.२ कृष्णसँग चरित्र सम्बन्धित भजन | ३० |
| | ५.१.३ शिवसंग सम्बन्धित भजन | ३२ |
| | ५.१.४ रामसंग सम्बन्धित भजन | ३५ |
| ५.२ | वाटुलेचौर क्षेत्रका भजनमा भाषा | ३८ |
| ५.३ | बाटुलेचौर क्षेत्रका भजनहरुको शैली | ३९ |
| **छैठौं अध्याय :** | **उपसंहार, निष्कर्ष र सुझाब** | **४१-४३** |
| ६.१ | उपसंहार | ४१ |
| ६.२ | निष्कर्ष | ४२ |
| ६.३ | सुझाव | ४३ |
| *सन्दर्भग्रन्थ सूची* | | |
| *परिशिष्ट* | | |

## सङ्क्षिप्त रुप

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यामिक विद्यालय |
| नं. | : | नंम्बर |
| वि. सं. | : | विक्रम संवत |

# अध्याय : एक

# अध्ययन पत्रको परिचय

## १.१ विषय परिचय

नेपाली लोकसाहित्य विभिन्न विधाहरु मध्ये लोकगीत पनि एक हो । यसै विधा अर्न्तगत पर्ने लोकगीतको उपविधाका रुपमा भजनलाई लिइन्छ । ग्रामीण जनजीवनमा चलिआएका भजनहरुमा विविध विषयवस्तुलाई गीत र लयमा समावेश गरी लोकजीवनका विविध पक्षलाई समेट्दै मनोरञ्जनात्मक तथा धार्मिक अभिप्रायले खुला रुपमा प्रस्तुत गरिने एक प्रकारको गीतलाई भजन भनिन्छ । परम्परा देखि ग्रामिण जीवनमा चलिआएका भजन चुड्काहरुमा विविध विषय वस्तुलाई गीत तथा लयमा आवद्ध गरेर लोकजीवनका विविध पक्षलाई गीतका माध्यम बाट समेट्दै मनोरञ्जनात्मक अभिब्यक्ति प्रस्तुत गरेको छ । त्यसैले विभिन्न अदृश्य शक्ति, भगवान, देवीदेवता आदिका नाममा लोकसंगीतका माध्यमबाट लयात्मक रुपमा व्यक्त गरिने विधा नै भजन चुड्का हो ।

आफ्ना दैनिक जनजीवनमा देखापर्ने दुख, पीडा, व्यथा र वेदनालाई समावेश गरेर भगवान तथा देवी देवताहरुसँग गरिने लयात्मक पुकार नै भजन हो । यसमा विभिन्न देवीदेवताहरुको प्रार्थना विभिन्न धर्म ग्रन्थमा आधारित गीतिकथाहरु पनि पर्दछन् । भजन भक्तिमय गीतहरुको प्राचीन स्वरुप पनि हो । लोकभजनको प्रस्तुति ठाँउ अनुसार आ-आफ्नै खालको हुन्छ । विशेषगरी मानव मनको आन्तरिक मनोदशा, हार्दिकता एवं मनोभावनालाई उजागर गर्दै ग्रामीण जनजीवनमा पाइने सरलपन, मोक्षप्राप्तिका अवधारणा, सामाजिक परिवेशको वास्तविक यथार्थ चित्रण र आध्यात्मिक चिन्तनले नै मानव जीवनलाई सुख शान्ति दिन्छ भन्ने जनविश्वास जागृत गराउन नै भजन प्रस्तुत गरिन्छ ।

धार्मिक कथालाई भजनको रुपमा गाइदै जानु, बीचबीचमा विभिन्न देविदेवतासँग सम्बन्धित चुड्काहरु प्रस्तुत गर्नु, त्यस्तै नृत्यसंगै अभिनय पनि गर्नु आदि भजनमा प्रस्तुत गर्न सकिन्छ ।

## १.२ शोध शीर्षक

यस अध्ययन पत्रको शीर्षक बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनहरुको संकलन र अध्ययन रहेको छ ।

## १.३ शोध प्रयोजन

प्रस्तावित अध्ययनपत्र, त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अर्न्तगत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्र (५४०-६)को प्रयोजनका लागि गरिएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोधपत्र निम्नलिखित समस्याहरुमा केन्द्रित रहनेछ :

क) बाटुलेचौर क्षेत्रमा भजनहरुको अवस्था के कस्तो छ ?

ख) बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको संकलन र अध्ययन के कसरी गर्न सकिन्छ ?

ग) बाटुलेचौर क्षेत्रका भजनहरुको योगदान के कस्तो छ ?

यिनै समस्यालाई निराकरण गर्ने कार्य यस अध्ययन पत्रमा गरिएको छ ।

## १.५ उद्देश्य

प्रस्तुत अध्ययन पत्रको मूल उद्देश्य कास्की जिल्लामा अवस्थित बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको संकलन गरी अध्ययन गर्नु हो । त्यसैले निम्नलिखित बुदाँहरुमा प्रस्तुत अध्ययन पत्रको मूल उद्देश्यहरुलाई प्रस्तुत गर्न सकिन्छ :

क) बाटुलेचौर क्षेत्रमा गाइने भजनहरुको अवस्था पत्ता लगाउनु,

ख) बाटुलेचौर क्षेत्रमा छरिएर रहेका भजनहरुको संकलन गर्नु,

ग) नेपाली लोकसाहित्यको विकासमा बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुले पुऱ्याएको योगदानको चर्चा गर्नु ।

## १.६ पूर्व कार्यको समीक्षा

नेपाली लोकसाहित्यको अति लोकप्रिय विधा लोकगीत अर्न्तगतको एक उपविधा लोकभजन हो । यो उपविधा भएपनि मानवीय जीवनका, दुख, पीडाँ, हाँसो, आँसु, वीरता, वैराग्य

उत्साह एवं प्रणय आदि भावहरुलाई समेटेर भजनका बारेमा विभिन्न अध्येताहरुले अध्ययन अनुसन्धान र विश्लेषण गरेको पाइएता पनि कास्की जिल्लाको बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको संकलन र अध्ययन भएको पाइदैन ।

क) कालिभक्त पन्त : (हाम्रो सास्कृतिक इतिहाँस २०२८)

यस पुस्तकमा भजनहरुको बारेमा उल्लेख गरिएको छ (पन्त; २०२८ : २१२) तर बाटुलेचौर क्षेत्रलाई समावेश गरिएको छैन ।

ख) तुलसी दिवस : (धिमाल लोक, धर्म र सस्कृति, २०३९)

यस पुस्तकमा लोकगीत शीषर्क दिएर लोकगीतलाई प्रवन्धात्मक र फुटकर गरेर विभाजन गरिएको छ (दिवस, २०३९ : १३१) । तर बाटुलेचौर क्षेत्रका भजनहरुको चर्चा भएको छैन ।

ग) धर्मराज थापा : (लोकसंस्कृतिको घेरामा लमजुङ्ग २०३०)

यस पुस्तकमा शिवरात्री पर्व शीर्षक अर्न्तगत व्रतालुहरुको स्वरमा स्वर मिलाउदै भजन चुड्का यसरी गाउनुपर्छ भनी केही उदाहरण मात्र दिइएका छन् (थापा, २०३० : ८४) । तर बाटुलेचौर क्षेत्रका भजनको चर्चा भएको छैन ।

घ) धर्मराज थापा र हंशपुरे सुवेदी : (नेपाली लोकसाहित्यको विवेचना २०४१)

थापा र सुवेदीको नेपाली लोकसाहित्यको विवेचना भन्ने पुस्तकमा चुड्का र ख्यालीलाई लोकगीतको भेद अर्न्तगत राखी उदाहरण सहित प्रस्तुत गरिएको छ (थापा र सुवेदी, २०४१ : ९३) । तर बाटुलेचौर क्षेत्रका भजनहरुको चर्चा भएको छैन ।

ङ) आर. डी र एल.एल : (नेपालका विभिन्न जाती र लोकगीत एक परिचय २०३०)

यस कृतिमा नेपालका विभिन्न जातीहरुको सास्कृतिक र तिनीहरुको लोकगीतका बारेमा संक्षेपमा चर्चा गरिएको छ । यसै क्रममा नेपालका ऋतुकालीन लोकगीत अर्न्तगत मारुनी, सोरठी, भैलो, देउसी, दाँइ, देउडा, दोहोरी, खाँडा, रत्यौली, भजन, सिलुमै, फागु, ख्याली, मादले र चुड्के गीतको गरिएको छ भने मेला जात्रा आदिमा गाइने केही भजनहरुको

उदाहरण प्रस्तुत गरिएको छ (आर.डी र एल.एल, २०३० : ७८ ) । तर बाटुलेचौर क्षेत्रको चर्चा यस कृतिमा भएको छैन ।

च) विजय चालिसे : (डोटेली लोकसस्कृति र साहित्य, २०३९)

यस कृतिमा पद्यात्मक लोकसाहित्य अर्न्तगत डोटेली पाराका मंगल गानहरु दिइएको छ ( चालिसे, २०६९ : १६०) । तर कास्की जिल्लाको बाटुलेचौर क्षेत्रका भजनहरुको यस कृतिमा चर्चा भएको छैन ।

छ) शिवप्रसाद पोखेल : (आँधिखोले भजन चुड्काहरुको अध्ययन विश्लेषण, स्नातकोत्तर तह शोधपत्र २०५७)

यस शोधपत्रको पृष्ठ ३२ मा आँधीखोले भजन चुड्का नाम दिएर विस्तृत रुपमा अध्ययन गरेको पाइन्छ (२०५७ : ३२) । तर कास्की जिल्लाको बाटुलेचौर क्षेत्रमा प्रचलित भजन चुड्काहरुलाई कतै समावेश गरेको पाँइदैन ।

ज) देविप्रसाद वनवासी :(स्याङ्जा आँधिखाले लोकसस्कृति २०५५)

यस कृतिमा आँधिखोले भजन चुड्का र ख्याली नामक शीर्षक दिएर आरती भजनको उल्लेख गरिएको छ (वनवासी, २३ : २५) । तर वाटुलेचौर क्षेत्रको भजनहरुको उल्लेख गरिएको छैन् ।

झ) शोभाकान्त गौतम : लुम्ले गा. वि. स. मा प्रचलित लोकगीतको संकलन र वर्गीकरण (२०५४)

नेपाली विषयको स्नातकोत्तर तह पुरा गर्नुपर्ने प्रयोजनका निम्ती तयार पारिएको यस शोधपत्रमा कास्की जिल्लाको लुम्ले गा. वि. स मा प्रचलित ऋतुचक्र सम्वन्धी जीवनचक्र सम्बन्धी र सामान्य गीतको संकलन र वर्गीकरण गरी परिचय दिदाँ भजन कृतन ख्याली आदिको विशेषता केलाएर उदाहरण दिइएको छ (गौतम, २०५४) तर उक्त शोधपत्रमा लुम्ले क्षेत्रमा मात्र केन्द्रीत भएकोले वाटुलेचौर क्षेत्रको चर्चा भएको छैन ।

ञ)हंसपुरे सुवेदी : लोकजीवन, लोकविश्वास, २०१५

यस 'पाप पुण्य र स्वर्ग नरक' शीर्षकको लेख मार्फत लोकविश्वास अर्न्तगत पाप, पुण्य र धर्म, स्वर्ग नरक जस्ता भजन सिर्जनाका आधारहरु प्रस्ट्याएका छन् (सुवेदी, २०५५: ३५ )। तर बाटुलेचौर क्षेत्रका भजन चुड्काहरुको चर्चा भएको छैन।

माथि उल्लेखित यी अध्ययनहरुमा आ-आफ्नै क्षेत्रलाई लक्षित बनाएर अध्ययन गरिएको छ। तर बाटुलेचौर क्षेत्रलाई केन्द्रविन्दु बनाएर अध्ययन नगरिएकोले यस अध्ययन पत्रमा खोज गर्ने कार्य भएको छ।

## १.७ शोधपत्रको औचित्य

नेपाली लोकसाहित्यका विभिन्न विद्याहरु मध्ये लोकगीत पनि एक महत्वपूर्ण विधा हो यसै विधा अन्तर्गत पर्ने लोकगीतको एक उपविधाका रुपमा भजनलाई लिइन्छ। पुराना पुस्ताले गाउदै आएका लोकभजन नयाँ पुस्ताले आत्मसात गर्न नसकेको र आजको युगमा पुराना लोकसस्कृतिहरुको जगेर्ना गर्नुपर्ने अवस्था आएको हुँदा तिनीहरुको संकलन र अध्ययन गरी लोकसाहित्यको जगेर्ना गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

## १.८ शोधपत्रको क्षेत्र र सीमा

यस अध्ययन पत्रको विषयगत सीमा भजनहरु रहेको छ । क्षेत्रगत, भौगोलिक क्षेत्रमा गण्डकी अञ्चल, कास्की जिल्ला पोखरा उपमहानगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने वाटुलेचौरमा गाइने भजन चुड्काहरुको संकलन र विश्लेषण गर्नु यस अध्ययन पत्रको क्षेत्र र सीमा रहेको छ।

## १.९ अध्ययन विधि

यो अध्ययन पत्र तयार गर्नका लागि वाटुलेचौर क्षेत्रका सामाजिक, सास्कृतिक, धार्मिक क्षेत्रको प्रत्यक्ष संलग्न भएर अध्ययन गर्नुपर्ने हुँदा क्षेत्रीय विधि अपनाइएको छ । त्यस्तै स्थलगत तथा सम्वन्धित व्यक्तिसँग प्रश्नोक्तर पनि गरिएको छ।

त्यसैले यस अध्ययनमा निम्नानुसार विधिहरु अपनाइएको छ ।

१. पुस्तकालयीय विधि

२. स्थलगत तथा सम्वन्धित व्यक्तिसंग प्रश्नोत्तर विधि

**१.१० अध्ययन पत्रको रुपरेखा**

अध्ययन पत्रलाई सुव्यवस्थित रुपमा सम्पन्न गराउन निम्नलिखित अध्ययन र शीर्षकहरुमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो चरण | : | अध्ययनको परिचय |
| द्रोस्रो चरण | : | बाटुलेचौर क्षेत्रको परिचय |
| तेस्रो चरण | : | लोकभजनको सैद्धान्तिक परिचय |
| चौथो चरण | : | बाटुलेचौर क्षेत्रका भजनहरुको संकलन र वर्गीकरण |
| पाचौं चरण | : | बाटुलेचौर क्षेत्रका लोक भजनहरुको विश्लेषण |
| छैटौं चरण | : | उपसंहार |
| | : | भावी अध्ययन अनुसन्धानका लागि सुझाव |
| | : | सन्दर्भ ग्रन्थ सुची |
| | : | बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको संकलन |
| | : | केही सान्दर्भीक शब्दहरु |

# अध्याय : दुई

# बाटुलेचौर क्षेत्रको परिचय

## २.१ बाटुलेचौर क्षेत्रको परिचय

कास्की जिल्ला पोखरा उपमहानगरपालिका फेवातालको पृष्ठभूमिमा अन्नपूर्ण हिमश्रृङ्खला रहेको पोखरा पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल एवं कास्की जिल्लाको पनि सदरमुकाम हो । कास्कीमा दुइवटा नगरपालिकाहरु छन् । तिनीहरु पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका हुन । पोखरा नगरपालिका २०१६ सालमा स्थापना भई २०५२ साल माघ १८ गते उपमहानगरपालिका घोषणा भएको हो । त्यस्तै २०७१ सालमा थप ९ वटा वडा थप्ने कार्य भई २८ वटा वडामा यस पोखरा उपमहानगरपालिका सीमित छ । पोखरा उपमहानगरपालिकाका २८ वटा वडामध्ये पोखरा १६ बाटुलेचौर पनि एक हो ।

## २.२ सामाजिक रहनसहन

सामाजिक रहनसहन भनेको कुनै पनि स्थानमा बसोवास गर्ने विभिन्न जातजातिका रहनसहन, भेषभुषा सस्कार आदिलाई बुझिन्छ । यस क्षेत्रमा विभिन्न जातजातिहरु बसोबास गर्दछन् । यहाँ  पहिला मुख्यतः ब्राह्मण, क्षेत्रीहरुको बसोबास थियो तर हाल विभिन्न समुदायबाट वसाईसराई गरी गुरुङ्ग मगर, दमाई, कामी, नेवार आदि जातिहरुको बसोबास रहेको पाइन्छ ।

यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि भएपनि अधिकांश मानिसहरु सरकारी गैरसरकारी संघसस्थाहरुमा संलग्न छन् । त्यस्तै युवाहरु बैदेशिक रोजगारीमा संलग्न छन् । त्यसैले यहाँको जीवनस्तर मध्यम खालको छ ।

यस क्षेत्रमा मुख्यत : हिन्दू धर्मावलम्वी भएको र परापूर्वकाल देखि धेरैजसो रीतिरिवाज, चालचलन, परम्परा, चाडपर्वहरु हिन्दू धर्मअनुसार नै हुने गर्दछन् । त्यस्तै गुरुङ्ग बस्ती पनि

बाक्लो भएकाले बौद्ध धर्मावलम्वी पनि पाइन्छन्  र क्रिश्चियन, मुस्लिम धर्मावलम्बी पनि बसोबास गर्दछन् । तर जातीगत विविधता भएपनि यहाँका मानिसहरुमा आपसी मेलमिलाप र सहयोगको भावना प्रशस्त पाइन्छ । यहाँका मानिसहरु अत्यन्त परिश्रमी, स्वाभलम्वी र सहयोगी भावनाका छन् । एक आपसमा मर्दा पर्दा सहयोग गर्नु, सामाजिक कार्यहरु गर्नु यहाँका मानिसको विशेषता नै हो ।

बाटुलेचौर क्षेत्रको जनसंख्या पोखराका अन्य स्थानको भन्दा मध्यम खालको छ । तर आजकलका मानिसहरु गाँउबाट शहरमा बसाइ सर्ने प्रवृति बढेकाले यहाँको जनसंख्या पनि दिनानुदिन  बढ्दै गएको छ । यस क्षेत्रमा वि.स २०६८ सालको जनगणना अनुसार बाटुलेचौर क्षेत्रमा करीब २१५३ घरधुरी र करीब ३००० जनसंख्या रहेको पाइन्छ ।

यस क्षेत्रमा महेन्द्रगुफा, चमेरेगुफा, कालीखोला आदि पर्यटकीय स्थल भएकाले स्वदेशी तथा विदेशी पर्यटकहरु प्रशस्त मात्रामा आउने गर्दछन् ।

## २.३ धार्मिक तथा ऐतिहाँसिक महत्व

यस क्षेत्रमा परापुर्वकाल देखि नै अस्तित्वमा रही सञ्चालनमा रहेका मन्दिर तथा शक्तिपीठहरु प्रसस्त मात्रामा छन् ति मध्ये महत्वपूर्ण निम्नानुसार छन् :

### क) कालीका मन्दिर

बाटुलेचौर क्षेत्रको मध्यभाग मैदानको दक्षिण पशि्चम भेग बडहरबोटमा अवस्थित कालिका मन्दिर यस क्षेत्रको महत्वपूर्ण शक्तिपीठ हो । विशेषगरी बडादशै र चैतेदशैंमा विशेष पूजा चल्ने यस मन्दिरमा श्रद्धालु भक्तजनहरुको विशेष भिड लाग्दछ । यस मन्दिरमा बाटुलेचौर लगायत अन्य स्थानबाट पनि आफ्नो मनोकांक्षा पुरा हुने विश्वासका साथ मानिसहरु पूजाआजामा संलग्न रहेको पाइन्छ । यस मन्दिरमा नवरात्रिका वेलामा दुर्गा भवानीको भजन गाँउने चलन छ ।

### ख) महेन्द्र गुफा

यो गुफा बाटुलेचौरको उत्तरपूर्वी भागमा पर्दछ । यहाँ संसारका विभिन्न देशहरुबाट मानिसहरु घुम्न आँउछन्  । त्यस्तै आन्तरिक पर्यटकहरु पनि प्रशस्त मात्रामा आँउछन् ।

महेन्द्रगुफा भित्र विभिन्न देवी देवताको मुर्ति भएकाले धार्मिक विश्वासका साथ दिनहु जसो पूजापाठ हुनाका साथै  शिवरात्रिमा श्रद्धालु भक्तजनहरु उपस्थित भई भजन गाउने गर्दछन् ।

### ग) अम्बीका मन्दिर

बाटुलेचौर मैदानदेखी पूर्वपट्टि केही भित्र  अम्वीका मन्दिर छ । यसै मन्दिरका नामले यस टोलको नाम अम्बीकाटोल रहन गएको हो । विशेषगरी वैसाख १ गते पूजा  गरिने यस मन्दिरमा पूजा  गर्ने दिनमा गाँउमा कुनै  पनि श्रमयुक्त काम बन्द गर्नुपर्ने चलन छ । अन्यथा अशुभ हुने जनविश्वास रहदै आएको छ । अम्बीका देवीलाई पुज्दाको दिनमा त्यस टोल निवासी सम्पूर्ण घरघुरी (करीब १७०) वाट धुप, अक्षता उठाई पूजा  सम्पन्न गर्ने चलन छ । यस मन्दिरमा वैशाख १ गते पूजा  सम्पन्न गरिसकेपछि भजन गाँउने गरिन्छ ।

यसैगरी यस क्षेत्रमा चमेरेगुफा, शिवमन्दिर गणेश मन्दिर, चण्डी, मन्दिर, आदि पनि छन् र तिनले आ-आफ्नै महत्व बोकेका छन् ।

## २.४ चाडपर्वहरु

यसक्षेत्रमा विभिन्न जातजातीहरु बसोवास गर्दछन् । विशेषगरी हिन्दु धर्मावलम्बीको वाहुल्यता भएका कारण दशैं, तिहार, तीज, शिवरात्रि, जनैपूर्णिमा आदि चाडपर्वहरु अन्य जातिले पनि मनाउने गरेको पाइन्छ । त्यस्तै गुरुङ्ग जातिले ल्होसार, टाटे मनाउने गर्दछन् । यस क्षेत्रमा सबै मिलेर आफ्नो सस्कार र चाडपर्वहरु मनाउने गर्दछन् ।

## २.५ शैक्षिक अवस्था

यो क्षेत्र शैक्षिक अवस्थामा राम्रै खालको छ । यहाँ करीब ७५ % मानिसहरु शिक्षित छन् । यहाँ मुख्यत : ब्राम्हण, क्षेत्री समुदायका मानिसहरु बढि शिक्षित छन् । यहाँ निजि स्तरका प्रगति ईङ्लिस बोर्डिङ स्कुल र पोखरा एकेडमी स्कुल संचालित छन् त्यसैगरी सरकारी स्तरबाट बिन्दबासिनी उच्च मा.वि. र चण्डीका प्रा.वि. रहेका छन् ।

बाटुलेचौर क्षेत्र बहुजाती, बहुधर्म भाषा र संस्कृति भएको ठाँउ हो । यहाँ सबै मानिसहरु आपसमा मिलेर बस्छन् । यहाँका मानिसको मुख्य पेशा कृषि भएपनि सरकारी जागिर, बैदेशिक रोजगार तथा व्यापार आदि पेशामा पनि संलग्न हुन्छ ।

# अध्याय : तीन

# लोकभजनको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको चिनारी

लोक् धातुमा “घञ” प्रत्यय लागेर लोक शब्द  बनेको हुन्छ । लोक र साहित्यको समासबाट लोकसाहित्य शब्द बनेको हो । यसको अर्थ लोकको साहित्य भन्ने हुन्छ । युगौंदेखि मौखिक वा श्रुतिपरम्परामा बाँचेको र एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने अलिखित साहित्य नै लोकसाहित्य हो । यो व्यक्ति विशेष रचना भई सामूहिक हुन्छ ।

लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा भावनामा निर्मित मानव मुटुको स्पन्दन बाट निस्केको मिठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो  (थापा र सुवेदी, २०४१: ३) । वास्तवमा लोकसाहित्य त्यो हो जसमा नेपालीहरुको विशुद्ध  लोक संस्कृति छ । उन्नत कला छ, आफ्नैपनको शैली छ, अझ यस नेपाली नृत्य, नेपाली संगीत र नेपाली कविता पनि छ । सवै नेपाली छन्द, नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढालिएका छन्  (जोशी, २०१४: १९०) ।

लोकसाहित्य भनेको ग्रामीण जीवनले सजिलै वुझ्न सक्ने खालको हुन्छ । सबैलाई आकर्षण गर्ने सफल हुन्छ र लोकसाहित्यले मानव मनलाई छोएको हुन्छ ।

लोकसाहित्यले व्यापक अर्थमा सम्पूर्ण वाङ्मय शब्द र वाणीलाई लिन्छ । साहित्यलाई पूर्वीय चिन्तनमा काब्य भन्ने गरिन्छ । त्यस्तै अंग्रेजीमा लिट्रेचर (Literature) यहाँ लोकसाहित्य लोकको साहित्य भन्ने अर्थमा लोक र साहित्य दुई शब्दको षष्ठी तत्पुरुष समास प्रक्रियाद्वारा व्युत्पादन भएर आएको निर्मित समस्त शब्द बनेको छ (पराजुली, २०५७ :२५,२६) । साहित्यले समाजको चित्रण गर्ने हुँदा यसलाई समाजको ऐना पनि भन्ने गरिन्छ । लोकसाहित्य लोकको जीवनशैली इतिहासका तथ्य तथा लोकका दर्शन र विश्वासहरु रहेका हुन्छन् ।

वास्तवमा लोकसाहित्य त्यो साहित्य हो, जसमा नेपालीहरुको विशुद्ध लोकसंस्कृति छ, उन्नत कला छ, आफ्नै पनको शैली छ, अझ यस नेपाली लोकसाहित्यमा सत्यम् शिवम् सुन्दरम्को

रुपमा नेपाली नृत्य, नेपाली संगीत र नेपाली कविता पनि छ । सवै नेपाली छन्द नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढाँलिएको छ (जोशी, २०१४, १९०) । लोकसाहित्यमा मानवको आफ्नै शैली कला हुने हुदाँ लोकमा साहित्य अनिवार्य रुपमा प्रस्तुत हुने गर्दछ ।

लोकसाहित्य मौलिक परम्परावाट हुर्किएको त्यस्तो एउटा भाषागत अभिव्यक्ति हो जुन श्रुतिपरम्परा मा जीवित रहदैं समाजमा लोकव्यवहारमा मनोभावात्मक अभिब्यक्तिको आदान प्रदान गर्न स्वच्छन्द सरल, सरस साहित्य हो । जुन अलिखित हुँदै आजसम्म पनि जिवित छ । जसले जनमानसमा लोकव्यवहार मनोरञ्जन एवं मनोभावको आदान प्रदान गर्दै स्वभाविक स्वच्छन्द, सरल, सरस पाराले गायन, वाचन श्रवण एवं नृत्य गर्ने परिपाटी भित्र रहेर आजसम्म चल्दै आएको साहित्य नै लोकसाहित्य हो । यो समाजमा लिखित र अलिखित दुवै रुपले जीवित रहेको छ ।

लोकसाहित्यका विभिन्न विधाहरु श्रव्य र दृश्य दुवै हुन्छन् । र यो मुख्यतः समूहमा र कुनै एकल रुपमा पनि प्रस्तुत गर्ने गरिन्छ । लोकसाहित्यले रागात्मक अभिव्यक्ति दिने गर्दछ । यो लोकले नै सिर्जना गरेको साहित्य हो । लोकसाहित्यका विशेषताहरु मुख्यत : सामुदायिकता, पारम्पारिकता, मौखिकता गतिशीलतालाई लिन सकिन्छ ।

## ३.२ लोकगीतको सिद्धान्त

### ३.२.१ लोकगीतको परिचय

लोकगीत लोकसाहित्यको प्राचीन विधा हो । यसको प्रारम्भ मानव बोलीसंगै भएको हो । लोकगीत भन्नाले लोकले गाउने मौलिक परम्परामा प्रचलित गीत हो । यसलाई अग्रेजीमा फोकसङ (Folk Song) भनिन्छ । यसलाई ग्रामगीत, जनगीत, आदि पनि भन्ने गरिन्छ ।

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतस्फुर्त लयात्मक अभिब्यक्ति हो । यसले जनमानसका व्यवहारिक जीवनको हर्ष वेदना, आशा, निराशा, हाँसो, आँसु, साथसाथै लोकको चलन, व्यवहार, आस्था र मान्यताहरुलाई चित्रण गर्छ । लोकगीत  लोकजीवनको सारांश, आत्मकथा, हर्ष, उमंग, तथा वियोग पीडा, खिन्नता र वैराग्यको समष्टि रुप हो । लोक जनसाधारणको सिंगो रुप हो, लोकगीतले पनि लोकजीवनकै गेयात्मक प्रतिनिधित्व गरेको पाइन्छ । यो गेयात्मक रचना हो । यसलाई अंग्रेजीमा लिरिक (Lyric) भनिन्छ ।

यसमा खास भाव विचार प्रक्रिया वा मानसिक अवस्थाको तिब्र अभिव्यक्ति हुने गर्दछ । ( शर्मा, २०५०)

लोकगीतहरुले धर्म, सस्कार, रीतिरिवाजलाई आत्मसात गर्दै समाजमा ब्याप्त अन्याय, अत्याचार शोषण, दमन, हाँसो, खुसी, आदिलाई गीति लयमा प्रस्तुत गर्ने गर्दछ । यसको अभिब्यक्तिमा सांगीतिकता र हृदयलाई लोभ्याउने गुण रहेको हुन्छन् ।

त्यस्तै अर्को शब्दमा "चोखो लय र शब्दको प्रवाहवाट उठी जनजीवनलाई प्रवाह पार्न सक्षम भएको लोकगीत यसैले मानव सिर्जनाको पहिलो प्रस्तुति लोकगीत नै हो" (थापा, २०३०) ।

"वसन्तको हरियालीमा चैते हुरीमा, खडेरीमा दिनभरको थकाइमा डम्फु, मादल, झ्याली, करताल, खैजडी, भुजुरा, मुर्जुङ्गा, वाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कुल्कुलाइरहेका खोलानालाको अविरल धुनमा संहेलिंदै गएका सुरीला  मधुर कण्ठ च्याङवा च्याङ्वी महिला र सहिलीका हृदय फुटेर आएका चोखा संगीतमय उद्गारलाई हामी लोकगीत नामले पुकार्छौ (लोहनी, २०१३,८)  लोकगीतमा जनताको सुख, दुखको अभिव्यक्ति हुन्छ भने सजीव चित्र भेटिन्छ । लोकगीत हृदयको उद्गार हो भने आफ्नो भूखण्डका ऐतिहाँसीक, रोमाञ्चकारी घटनाहरुको पनि सजीव चित्र भेटिन्छ ।  लोकगीत हृदयको उद्गार हो भने त्यही नै लोकसाहित्यको आधार हो  (दिवस, २०३४, १८) ।

सरल हृदय भएका नरनारीहरुको सहज अनुभूति नै लोकगीत हो । जसमा लोकजीवनका समस्या, हाँसो, खुसी, आँसु, वेदना, आदि स्वभाविक रुपमा अभिब्यक्ति हुने गर्दछन् । उकाली, ओराली भञ्ज्याङ र चौतारी, गाँउबेसी, वनपाखा र खेताला जाँदा मात्र नभएर वीर रौद्र हाँस्य करुणा जस्ता रसका आधारमा पनि गाइन्छ । मानव सभ्यतासँगै धर्म, संस्कृति, रीतिरिवाज, चाडपर्वमा नाटकीय वा गीतिमय रुपमा डम्फु, मादल, खैंजडी, मुजुरा, हार्मोनियम, बाँसुरी मृदङ्गा आदीको तालमा नृत्य समेत गरी रमाउने गरेको पाइन्छ । लोकगीत अभिब्यक्तिगत, रागात्मक लोक साहित्यको एक उपविधा हो । यसले विभिन्न उमेरका बेग्लाबेग्लै भाषा र संस्कृति भएका समुदायहरुलाई पनि एकजुट बनाउने कार्य गर्दछ ।

### ३.३ लोकगीतका तत्वहरु

नेपाली लोकसाहित्यको एक प्रमुख विधा लोकगीत हो । यसका निम्नाअनुसार तत्वहरु छन् :

#### ३.३.१ लय

लोकगीतले अंगालेको गेयात्मक छन्द नै लय हो । यसले रागात्मक अनुभूति दिन्छ । लयमा स्थायी र अन्तरा हुने हुँदा संस्कृति वातावरण अनुसार फरक फरक हुन्छ । लयबिना लोकगीतको कल्पना हुँदैन ।

#### ३.३.२ संरचना

मौखिक रुपमा सहज र स्वतस्र्फुत रुपमा भनिने वा व्यक्त गरिने प्रक्रिया नै संरचना हो । अर्थपूर्ण, संगठित र सिलसिलाबद्ध तरिकाले गीतलाई व्यवस्थित गरिएको अवस्था नै संरचना हो ।

#### ३.३.३ गेयता

लयलाई गीतिमय बनाउने शैली नै गेयता हो । गेयताले गीतमा गति वा उमंग थप्ने कार्य गर्दछ । भजनमा लामा वा लस्के र चुड्कामा अवस्था हेरी गति र यतिमा गाउने गरिन्छ । गेयता विना लोकगीत वा भजनचुड्काले सार्थकता पाउँदैनन ।

#### ३.३.४ कथनपद्धति

मानवमनका विचार अनुभूति र ज्ञानको सम्प्रेषण वर्णनात्मक, आख्यानात्मक, नाट्यात्मक आदि कुनै पनि तरिकाले प्रस्तुत गर्ने ढाँचा वा शैली नै कथनपद्धति हो । एकल, दोहोरी र सम्वादात्मक रुपमा युवा युवतीहरु एकआपसमा विभिन्न रसमा भुलेर र भावुकता पोख्नको लागि कथनपद्धति आवश्यक पर्दछ ।

#### ३.३.५ भाषा

लोकगीतको भाषा सरल, सहज अकृतिम, मौलिक एवं स्वत : स्फूर्त हुनुपर्दछ । लोकजीवनले खारेको, पचाएको, छोटो छरितो, भाषाको प्रयोग हुने हुँदा प्रसाद गुण वा माधुर्य गुण

स्वाभाविक रुपमा आँउछ । भाषा विना गीतको सम्भावना नै हुदैन । गीतको भाषा सामान्य बोलचालको भाषा भन्दा भिन्न खालको हुन्छ ।

### ३.३.६ भाव

लोकगीतको केन्द्रीय पक्ष नै भाव हो । यसको सिर्जना कुनै घटना परिवेश वा अन्तर्क्रियाद्वारा हुन्छ । सरल, सरस, सुबोध्य, भाषा र गेयात्मकता प्रस्तुति लोकगीतको शरीर नै हो । अन्य तत्वहरु लोकगीतको आवरण र भाव आत्मा हो । गीतको श्रवण वा गायन पछि मनमा जुन छाप बस्छ, त्यो नै भाव हो । गीतमा भाव अनिवार्य हुन्छ ।

यसरी लोकगीत मानव मनवाट नै रसाउने गेयात्मक अभिव्यक्ति हो । जसले लोकजीवनको चित्र, शारीरिक सन्तुष्टि, मानसिक तृप्तिका साथै मनोरञ्जन प्रदान गर्ने कार्य गर्दछ । लोकगीतलाई रसीलो पार्न वाध्यवादनका सामानहरु, वाध्यवादक नृत्य पनि सहायक तत्वका रुपमा आँउछन् ।

## ३.४ लोकगीतका विशेषताहरु

लोकसाहित्यको एक प्रमुख विधा लोकगीत हो । यसलाई प्राकृत कविता पनि भनिन्छ । लोकगीत मौलिक, अकृतिम, सरल, सुवोध र कर्णप्रीय हुनुपर्दछ । यसको मूल केन्द्र लोकजीवन नै हो । लोकगीतका सर्जक अज्ञात हुन्छन् । लोकगीतले मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा हर्ष पीडा आदिको अभिव्यक्ति दिने कार्य गर्दछन् । र यस्ता अभिव्यक्तिले गीत सुन्ने र गाउनेहरुको हृदयलाई रसमय बनाउछन् । कठोर हृदय भएकाहरुलाई पनि सहृदयी बनाउनु लोकगीतको मूल विशेषता हो । लोकगीतको प्रभावले व्यक्ति आफ्ना सुख, दुख, कष्ट, भोक, रोग आदिलाई भुलेर गीतकै रागात्मकतामा रमाउछ । लोकगीत ठाँउ, वातावरण, परिवेश, सस्कृति, रहनसहन आदि अनुसार फरक फरक हुन्छ ।

लोकगीतमा गाँउघरे संस्कृति, कला शैली, लय ताल, सुर आदिको साथै नैसर्गिक हृदयको उद्गार र भाषाको सामञ्जस्य कलाको चमत्कारिता हुन्छ (थापा र सुवेदी, २०४१ : ८१) । यसैगरी लक्ष्मण लोहनीका अनुसार नेपाली लोकगीतमा नृत्य मिलेको हुनु, वढी मात्रामा चुड्किलो छरितो र छिटो हुनु, बढि मात्रामा भाकाले गेडालाई छोपेको पाउनु, माथिल्ला

तल्ला पंक्तिले मात्र तथ्य बयान गरेको हुनु, गीतका गेडा झर्न नपाई भाका छोपेर जवाफ दिनु, भट्याउनु आदि बताएका छन् (थापा र सुवेदी, २०४१ : ८१) ।

यसरी लोकगीतको विशेषतामा जब आपत वा दुख, हर्ष, उमंग अनि उत्सव चाड, जात्रा रमिता आदि हुन्छन् तव लोकगीत भएर नै रमाइलो गरिन्छ । त्यसैले आत्म-अभिव्यक्तिको प्रमुख साधन लोकगीत हो । लोकगीत सभ्यता संस्कृति र साहित्यको साहित्य नभइ स्वतत्वको साहित्य हो । त्यसैले लोकगीतका विशेषताहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- अज्ञात रचयिता
- सामूहिक भावभूति
- मौलिकता र सरलता
- सहजता एवं अकृत्रिमता
- संगीत एवं लय
- पुनरावृत्ति
- स्वच्छन्दता
- उपदेशात्मकता

माथिका विशेषताहरुलाई केलाएर हेर्दा अन्य बढि विशेषताहरु पनि देखाउन सकिन्छ । भाव पक्ष, सौन्दर्य पक्ष, संरचना आदि पक्षका आधारमा पनि नेपाली लोकगीतका अन्य धेरै विशेषता हुन सक्छन् । नेपाली लोकगीत जनमानसको एक गतिशील भावमय, प्रवाहमय, कहिल्यै नरित्तिने लोकसाहित्यको एक विधा हो ।

### ३.५ लोकगीतका प्रकारहरु

लोकगीत एक विशाल क्षेत्र हो । जसलाई टुक्र्याएर हेर्ने कार्य निकै जटिल छ । जसमा मानिसको जन्मदेखि मृत्युपर्यन्तसम्मका हाँसो, आँसुमा मुछिएका हर्ष, उल्लास र वेदनामय खालका गीत तथा स्वर लहरीहरु निरन्तर गतिशील भएर अगाडि बढेको हुन्छ । स्थानअनुसार आ-आफ्नो विशेषता, भाषा, बोली र शब्दहरु हुन्छन् । कुनै खास ऋतु पर्व वा कामका वेलामा मात्र गाउने गरेको पाइन्छ ।

मानव मनभित्रको भावना पोख्ने माध्यम नै लोकगीत हो । यो लामो, छोटो, ठाडो, तेर्सो, एकल, दोहोरी आदि विभिन्न भाकामा गाइन्छ । नेपाली लोकसाहित्यका विवेचक धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकगीतलाई ७ भागमा वर्गीकरण गरी व्याख्या समेत गरेका छन् । यस वर्गीकरणमा सामान्य गीत अन्तर्गत पर्ने बाह्रमासे गीतको भेद झ्याउरे गीत अन्तर्गत एक भेदको रुपमा भजन आउने कुरा उल्लेख गरेका छन् (थापा र सुवेदी, २०४१ : ९४) त्यस्तै चूडामणि बन्धुले निम्नानुसार वर्गीकरण गरेका छन् :

१ सहभागिताका आधारमा

- Z एकल गीत
- Z दोहोरी गीत
- Z संयुक्त वा समुह गीत

२. लय वा भाकाका आधारमा

- Z द्रुत लय
- Z मध्ययम लय
- Z विलम्वित लय

३. प्रकार्यका आधारमा

- Z अनुष्ठानमूलक गीत
- Z ऋतु तथा पर्वगीत (वन्धु, २०५८ : २१)

यसरी हेर्दा भजन धार्मिक गीत, अनुष्ठानमूलक गीत अन्तर्गत पर्ने देखिन्छ । यसरी गहन तरिकाले अध्ययन गर्दा भजन मूलत : धर्म सम्बन्धी गीत, उमेर अवस्थाकालीन गीत अन्तर्गत पर्ने देखिन्छ ।

## ३.६ लोकगीत र लोकभजन

लोकगीत प्राचीन कालदेखि हालसम्म मानव जातीको भावनात्मक, कलात्मक तथा सांगीतिक संयोजनवाट अघि बढिरहेको लोकसाहित्यको एक प्रमुख विधा हो भने लोकभजन लोकगीतको एक उपभेद हो । जब मानिसहरु जाति, धर्म, रीतिरिवाज, संस्कृति सस्कारमा वाधिन पुगे, त्यसपछि मात्र घाँस, दाउरा, मेलापात, गोठालो, खेतालो गर्दा र वालीनाली

भित्र्याउने बेलामा गाइने गर्दछन् । तर भजनहरु धार्मिक दृष्टिले मोक्ष प्राप्त गर्न वा सप्ताह, पुराण, महायज्ञहरु, मंगलचौथी, सत्यनारायण, घरपैचो, शिवरात्रि आदिको विधिगत रुपमा पूजा अर्चना सम्पन्न गरेपछि कर्ताको कार्य सिद्धि गर्नका लागि रातभर जाग्राम बसेर गाइन्छ । भजनहरु मूलत : शिव, गणेश, विष्णु, राम, दुर्गा, कृष्ण आदि देवदेवताको नाममा गरिन्छ । भजन गाँउदा बाँसुरी, खैजडी, मुजुरा, मादल, मृदङ्गाको तालमा ताल फर्काएर गाँउने गरिन्छ ।

लोकगीत मनोरञ्जनात्मक उद्देश्यले गाइनुका साथै श्रृङ्गार रसले युक्त हुन्छ । तर लोकभजन मनोरञ्जनका साथसाथै भक्तिभावमा शान्त रसको बाहुल्यता हुन्छ । लोकगीत मूलत : गुरुङ्ग, मगर, राइ, लिम्बु जातिका युवायुवतीले गाँउछन भने लोकभजन वढी मात्रामा ब्राह्मण, क्षेत्री समुदायका विभिन्न उमेर समूहहरुले गाएको पाइन्छ ।

यसरी समग्रमा भन्नुपर्दा लोकसाहित्य अन्तर्गत लोकगीत र लोकगीत अर्न्तगत लोकसाहित्य पर्ने हुँदा यी २ विच नङ र मासुको जस्तो सम्बन्ध छ । यी दुवै प्राचीन कालदेखि आजको युगौंयुगसम्म मौलिक परम्परा बाकेर आएका विधाहरु हुन । यसका साथै यी दुवैमा संगीत र नृत्य हुने हुँदा वढी मार्मिक, प्रभावकारी, रोचक र सम्प्रेषणीय हुन्छ ।

# अध्याय : चार

# बाटुलेचौर क्षेत्रका लोकभजनहरुको संकलन र वर्गीकरण

## ४.१ लोकभजनको परिचय

भजन शब्द 'भज्' धातुमा 'अन' ल्युट प्रत्यय लागेको शब्द हो (लुइँटेल, २०५३ : १५७) । नेपाली जनमानसमा आ-आफ्नो धर्म संस्कार संस्कृति विशेष पर्व गर्दा भजन गाएर आत्म सन्तुष्टि लिने चलन छ । भजन मूलत : लोकसमाज संग सम्बन्धित हुने हुँदा लोकभजनको मूल स्रोत इतिहाँस पुराण र वेदहरु नै हुन ।

भजनलाई शाब्दिक अर्थका रुपमा प्रष्ट पार्ने क्रममा नेपाली बृहत् शब्दकोषमा भजनको सन्दर्भमा अर्थ यस प्रकार दिइएको छ :

आरध्यदेवी देवता र गुरु आदिको नाम र महिमा बारम्बार लिने र गाउने काम नाम, कृतन गुणगान र कुनैपनि देवी देवताको गुण वर्णन गरिएको गीत, सेवा उपासना भनि उल्लेख गरिएको छ (पोखेल, २०४० : ९९४) । भजनका वारेमा अध्येताहरुले भिन्न भिन्न मत व्यक्त गरेको पाइन्छ ।

धार्मिक पूजा का अवसरमा गाइने गीतलाई भजन भनिन्छ । भजनमा पूजा गरिएका देवी, देवताको गुण, शक्ति र सामर्थ्यको वर्णन गरिएको हुन्छ (बन्धु, २०५८ : १५३) । त्यस्तै कुसुमाकर न्यौपानेले धवलागिरी अञ्चलमा प्रचलित लोकगीत एक अध्ययनमा उल्लेख गरे अनुसार "धार्मिक चाडपर्वमा गाइने भक्ति भाव प्रधानगीत भजन हो (न्यौपाने, २०६०: ५२) ।

माथिको परिभाषालाई अध्ययन गर्दा भजन धर्म संस्कृतिमा प्रयोग हुने गेयात्मक श्रुतिपरम्पराबाट आफ्नो अस्तित्व कायम राख्दै आएको समाजको उन्नति र प्रगतिको एक रुप हो भन्न सकिन्छ । भजनहरु विशेषगरि कृष्णचरित्र, रामचरित्र, शिवचरित्र, गणेशचरित्र, आदिमा आधारित हुन्छन् । त्यस्तै भाका लय शैली पनि ठाउँ अनुसार फरक फरक हुन्छन् । कुनै विषयवस्तुको बारेमा वर्णन गर्नु गुणगान गाउनु, ईश्वरको नाम जप्नु वा आराधना गर्नु,

भक्तिभाव व्यक्त गर्नु नै भजन हो । जुन सत्यनारायण रुद्री, घरपैंचो, भागवत वा अन्य पूजा हरु गरेपछि रातभर बत्ति बालेर जाग्राम बस्दा भगवानको नाममा कृतन गर्ने चलन छ । एकादशी, शिवरात्री, कृष्णअष्टमी जस्ता पर्वहरुमा पवित्र स्थलमा गई सामूहिक भजन गर्न चलन छ ।

### ४.२ भजनको महत्व

लोकभजन युगौंदेखि लोकजीवनका मूल्यमान्यता, आस्था विश्वास, चिन्तन र विचारका साथै रीतिरिवाज, रहनसहन, चाडपर्व देखि लिएर लोक सस्कृति प्रसन्न हुने हँदा लोकभजनको महत्व निकै रहेको पाइन्छ । लोकभजन समाजको इतिहाँस हो । चोखो नेपालीपन मौलिकता सांगीतिक वोली, लय, गेयात्मकता रसमय ध्वनिको प्रस्तुति आदि लोकभजनका विशेषता अन्तर्गत पर्दछन् । लोकभजनले विभिन्न स्थान, मठमन्दिर, तिर्थस्थल आदिको बारेमा प्रकाश पार्ने हुँदा यसको मौलिक महत्व रहेको छ । यसमा लोक जीवनका सुख, दुःख, सम्पन्नता, विपन्नताको चित्रण आर्थिक अवस्थाको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

यसरी लोकभजन मानव जीवन तथा सामाजिक, सांस्कृतिक, ऐतिहाँसिक, भाषिक, भौगोलिक आर्थिक आदिजस्ता हरेक पक्षको जानकारी प्राप्त गराउने हुँदा यसको विशेष महत्व रहेको छ ।

### ४.३ लोकभजनका तत्वहरु

लोकगीतको एक उपभेद लोकभजन हो । जसमा गेयात्मक र श्रुतिमधुरता हुन्छ । लोकभजनका निम्न तत्वहरु रहेका छन् :

Z संरचना

Z लय वा भाका

Z गेयता

Z कथनपद्धति

Z भाषाशैली

Z भक्तिभाव

### ४.३.१ संरचना

लोकभजनको संरचना वा बनोट फरक फरक प्रकृतिको पाइन्छ । निर्गुण वा सगुण जुन भएपनि त्यसमा थेगो वा रहनी हुन्छ । भजन भट्याउने र पुन : रहनी भन्दै भक्तिभाववाट भगवानको चरित्र वर्णन अगाडि बढाइन्छ ।

### ४.३.२ लय वा भाका

लोकभजनको लय वा भाका ठाउँ अनुसार फरक फरक हुन्छ । कतै छिटो र कतै ढिलो गरि पनि गाउने चलन छ ।

### ४.३.३ गेयता

गेयता भनेको गीतको मूलभूत तत्व हो (थापा, २०६६ : ४५) । भजनले लयलाई गीतिमय बनाउने शैलीलाई गेयता भनिन्छ । भजनका लागि गेयता अनिवार्य तत्व हो । यसले नै भजनलाई रसमय बनाउछन् । लोकभजनमा गेयताले भाका, पुनरावृत्ति, थेगो, रहनी साथै अनुकरण, निपात जस्ता शब्दहले सहयोग पुऱ्याउछ । जस्तै :

गाइ गंगा तुलसी, इश्वरको नाम

स्वर्ग जादा मुक्ति दिने यिनै हुन राम ॥

### ४.३.४ कथन पद्धति

लोकभजनलाई कथ्यका रुपमा प्रस्तुत गरिने रीति वा ढाँचा नै कथन पद्धति हो । मानव मनभित्रको भक्तिभावमा उर्लेर आँउदा वर्णनात्मक आख्यानात्मक एवं नाट्यात्मक रुपमा अभिब्यक्ति हुन्छ, त्यो नै कथन पद्धति हो ।

### ४.३.५ भाषाशैली

गीत गाथा, कविता, कथा, सबैमा भाषाशैलीको आवश्यकता पर्दछ । यो ठाँउ अनुसार फरक फरक हुन्छ । गीतको भाषा वोलचालको लेख्य भाषा भन्दा फरक हुन्छ ।

### ४.३.६ भक्तिभाव

भजनको आत्मा नै भक्तिभाव हो । भक्तिभावले लोकभजनलाई प्राण दिने काम गरेको हुन्छ । भक्ति भावले गर्दा नै कथ्यलाई सम्प्रेषणीय र भावलाई संवेद्य बनाउछ । मनको वेदना, आत्मीय सोच र विचारलाई इश्वरप्रति डुवाउद्रै आफुलाई व्यक्त गर्दछन् ।

जस्तै : तिम्रै शरण पर्छौं विध्न हर्ता गणेश

## ४.४ बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको परिचय

नेपाली लोकसाहित्यका विविध विधाहरु मध्ये लोकगीत पनि एक महत्वपूर्ण विधा हो । र लोकगीतका विविध उपविधाहरुमध्ये लोकभजन पनि एक हो । भजनको मूल अर्थ भक्तजनहरुले देवी देवताहरुको गुणगानमा रसिलो र गेयात्मक ढंगले गाइने एकप्रकारको धार्मिक गीत भन्ने हुन्छ । लोकभजनले धर्म संस्कृति तथा परम्परा रीतिरिवाज आदिलाई आत्मसात गर्दै लोकमानसलाई मनोरञ्जन प्रधान गरेको पाइन्छ ।

भजन लोकगीतको एक प्राचीन विधा हो । अन्य गीतको भन्दा भजनमा लय भिन्दै खालको हुन्छ । भजनमा लामालामा स्वरलहरी पाइन्छन् । विशेषत : ब्राह्मण, क्षेत्री समुदायको सहभागिता पाइन्छ र अन्य जातीमा चुड्के भजन मात्र प्रचलित छ । भजनको वढी प्रयोग हुने ठाँउ गण्डकी र धवलागिरी अञ्चललाई लिइन्छ । गण्डकी अञ्चल अर्न्तगत पर्ने कास्की जिल्लाले नेपाली लोकसंगीत र यसका विभिन्न विधाहरुलाई फैलाएको पाइन्छ । यस क्षेत्रमा पनि लोकगीतको प्राचीन स्वरुपका रुपमा भजनलाई नै लिइन्छ । कास्की जिल्लाको बाटुलेचौर क्षेत्र र यस वरिपरिका वडाहरु अर्मला, भलाम, लामाचौर, हेम्जा, काँहु, सराङ्गोट आदि अन्य ठाँउहरुमा पनि प्राचीन कालदेखि नै गेयात्मक रुपमा चल्दै आएका भजनहरु प्रशस्त मात्रामा पाइन्छन् र ती भजनहरु मौखिक परम्परामा मात्र सीमित भई क्रमश : लोप हुदै गएको पाइन्छ ।

हाम्रो समुदायका वालवालिकाहरु आमाको काखमा हुँदा देखि नै गीत संगीतको सुरमा लोलाउँछन्, गुन्गुनाउँछन्, खेल्छन्, नाच्छन्, र भाका पनि हाल्छन्, त्यस्तै युवाहरु भजन तथा गीतकै माध्यमद्वारा प्रेमको सरुवात गर्छन, जुहारी भाका हाल्छन्, जुहारी खेल्छन्, त्यस्तै

वुढेसकाल/उत्तरार्ध तिर ढल्किसकेका वुढावुढीहरु भजन भनेपछि हुरुक्क हुन्छन् । उनीहरु वालुन भजन गाएर मानसिक सन्तुष्टि तथा शान्ति लिने गर्दछन् ।

भजन गाउँदा भक्त, भजनेहरु र अन्य भजनेहरु गोलाकार रुपमा मिलेर बस्दछन् । भजन निकाल्ने मुख्य व्यक्तिलाई अगाडि सारिन्छ । मुख्य व्यक्तिले पहिला भाका मिलाएर भजन झिक्ने र त्यसपछि अन्यले स्वरमा स्वर मिलाएर भजन गाँउने गर्दछन् । भजन गाँउदा बाजाको रुपमा खैंजडी, मुजुरा, मादल, झ्याली मृदुङ्गा, वाँसुरी हार्मोनियम आदि प्रयोग गरेको पाइन्छ । भजन गाउँनेलाई भजने भन्ने गरिन्छ । भजनेहरुले भजन गाँउदा कर्ताहरुलाई आत्मसन्तुष्टि वा आनन्द दिनको लागि, विध्नवाधा, संकट अनिष्टबाट मुक्तिका लागि विभिन्न देवीदेवता हरुको स्तुति पुकार गर्दै आरती जगाँउछन् । खासगरी भजन सप्ताह, स्वस्थानी व्रतवन्ध, रुद्री, सत्यनारायण पूजा , घरपैंचो, एकादशी, शिवरात्री, भागवत, कृष्टअष्ठमी आदिको समापन पछि लक्ष्य प्राप्तिका लागि गाउँने गरिन्छ । भजन गाँउदा विचविचमा नारायण हरि हरि जोड्ने गरिन्छ र अन्त्यमा पनि नारायण हरि हरि भनेर विश्राम गरिन्छ ।

भजन गाँउदा सुरुमा साँझको वेलामा भक्तजनहरु, भजनेहरु र निम्तालुहरु कर्ताजनहरुको घरमा वाजा सहित उपस्थित हुने र आरतीद्वारा भजनहरु गर्ने गर्दछन् । एवंरितले गणेश, शिव, विष्णु, राम, कृष्ण आदि भगवानको नाममा आरती गर्ने चलन छ । यसरी आरती गरिसकेपछि प्रमुखले भजन झिक्ने र अन्य भजनेहरुले भजन छोप्ने गरिन्छ । यसरी सम्बन्धित पर्व, यज्ञ, अनुसार भजन गाउने र भजनद्वारा स्पष्ट पार्दै कथा भन्ने परम्परा यस क्षेत्रमा रहँदै आएको छ ।

आजभोलि हाम्रो समाजमा पनि पाश्चात्य संस्कृति, आधुनिक शिक्षा र विकास प्रक्रियाले मानिसहरु परिष्कृत परिमार्जित हुँदै गएर आधुनिक गीत संगीत तिर लागेका छन् । ग्रामीण जीवन मा वास्तविक यर्थाथको साँचो यथार्थ सिंगो समाजको इतिहाँस र संस्कृतिको परिचय दिइएको पाइन्छ । भजनभित्र लोकजीवनका धार्मिक, सामाजिक, सांस्कृतिक आरोह, अवरोहहरु पाइन्छन् र ति लामो र छोटा दुवै लयमा हुन्छन् ।

साहित्य समाजको दर्पण हो । यो समाजविना अलग हुन सक्दैन । ग्रामीण जनजीवनमा उपलब्ध हुने लोकभजनहरु सामाजिक संस्कार, धर्म सस्कृति संगै हातेमालो गर्दै जनजिव्रोमा

मुखरित हुने गरेको पाइन्छ । भजन सांगीतिक माध्यमबाट सुमधुर स्वर सुसेल्दै मानव मनभित्र रहेका आन्तरिक पीडा, व्यथा र वेदना, हर्ष, ब्यक्त गर्ने माध्यम हो । यसरी लोकसाहित्य मानव धड्कनसँग सुरक्षित छ ठीक त्यसैगरी लोकजीवनमा पाइने भजनहरु पनि जनजिब्रोमा नै सुरक्षित छ ।

समग्रमा भजन भन्नाले धार्मिक भावद्वारा अभिप्रेरित भई विभिन्न ढंगले जीवनका विविध आस्थालाई समेट्ने गरी गाइने लोकगीतको एक उपविधा हो । जो ईश्वर भक्तिसंग सम्बन्धित हुन्छ । भजन विशेषगरी ब्राहमण क्षेत्री समुदायका मानिसले धार्मिक वा सांस्कृतिक विषयवस्तुमा आधारित लामा वा छोटा लयमा गाइने भक्तिपरक गीत हो । यी भजनमा सगुण ईश्वरभक्ति, निगुर्ण ईश्वरभक्ति तथा सामाजिक जीवनको धार्मिक दृष्टि व्यक्त गरिन्छ । मूलत : ईश्वर वा देवताप्रति श्रद्घाभाव प्रकट गर्दै भावनायुक्त तवरवाट गाइएका लयात्मक अभिव्यक्ति नै भजन हुन ।

### ४.५ भजनहरुको वर्गिकरण

नेपाली लोकसाहित्य क्षेत्रमा उच्च स्थान ओगट्न सफल लोकगीतको एक उपभेदको रुपमा लोकभजन आएको छ । लोकभजनको अध्ययन गर्ने क्रममा लोकसाहित्यका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीले भजनलाई  चुड्के भजन, लम्बरी भजन प्रभाती भजन र आरती भजन गरी मोटामोटी ४ भागमा वर्गीकरण गरी त्यसको छोटो नमूना समेत प्रस्तुत गरेका छन् (थापा र सुवेदी, २०४१ : १३३) ।

त्यस्तै कुसुमाकर न्यौपानेले भजनलाई रामायण, कृष्ण चरित्रसंग सम्बन्धित भजन, महाभारत भजन, निर्गुण भजन र पुराण गरी ५ प्रकारले वर्गीकरण गरेको पाइन्छ । भने यसैमा कृतनको हरे राम, हरे श्याम, जय दुर्गे, जय काली, जय शम्भु, रघुपति राधव, श्रीमनरामायण, रामायण र सीताराम, गोपाल नामको गरी नौ प्रकारका भेट्न सकिन्छ ( न्यौपाने, २०६० : ५३-३१) ।

अन्य लोकसाहित्यका अध्येताहरुले भजनचुड्काहरुमा बारेमा सामान्य अध्ययन गरेपनि औपचारिक वर्गीकरण गरेको पाइदैन । खासगरी लोकगीतको एक भेदका रुपमा लोकगीतलाई लिइदै आएको छ । यस अध्ययनको सिलसिलामा उपलब्ध भजनहरुलाई आधार

मान्दै निम्नानुसार वर्गीकरण गरी त्यसको परिचय र नमूना समेत प्रस्तुत गर्ने काम गरिएको छ :

### ४.५.१ मंगलाचरण

कुनै पनि शुभकार्य, विवाह, व्रतबन्ध, पुराण आदिको प्रारम्भ र अरु कार्यहरुमा पनि मंगलाचरण गरेर काम सुरु गर्ने चलन हामीकहाँ पनि रहँदै आएको छ । धर्मप्राप्ति, कर्म प्राप्ति र सद्गति मोक्ष कामना राखेर गरिएको यज्ञको  प्रमुख अंग स्वरुप थालनी गर्न लागिएको कृतन भजन होस् वा निष्कृय भावले गरिएको शुभ यज्ञको अंशका रुपमा मंगलाचरणलाई लिइन्छ ।

मूलत : ग्रामीण समाजमा आदिकाल देखी चल्दै आएका पुराणको प्रारम्भ, विवाह व्रतबन्ध यात्रा आदि शुभकार्यमा आरम्भ साथै अन्य विविध कार्य आदि समेत मंगलचरणद्वारा प्रारम्भ गर्ने चलन हाम्रो समाजमा चलिआएको छ । मंगलाचरणको उद्देश्य कुनै पनि शुभ कार्यको आरम्भ देखि अन्त्य सम्म र अरु समयमा समेत कनै प्रकारको विध्न बाधा अवरोध आदि आइ नपरुन्, जानी नजानी गरिएका पाप धर्महरुबाट मुक्ति मिलोस् भन्ने हुन्छ ।  त्यस्तै आरध्य देवीदेवता आफ्ना इस्टदेवता र विध्न नाश कर्ता आदिको नाम उच्चारण गर्दै मंगलाचरण गर्ने गरेको पाइन्छ । जस्तै :

मुक्ति दिने तिमी, मुक्ति दिने तिमी

ध्यान सवमनित, दृष्टि दिने तिमी

(जय गुरु गणपति .......)

### ४.५.२ आरती भजन

आरती भजन भन्नाले ईश्वरप्रति अनुरक्त बनि भक्ति संगीतको माध्यमद्वारा भगवानको स्तुति गान गर्ने भन्ने बुझिन्छ । आरती गर्दा पूजा  सकिएपछि फुल, प्रसाद, धूप आदि चढाई देवीदेवताको स्मरण गर्दै कर्ता, भक्त र अन्य भक्तजनहरुले भक्तिभावका साथ भगवान्को मूर्ति वा तस्वीरको सामु यज्ञमण्डलमा ईश्वरको नाममा निराजन गरी अर्पण गरिन्छ ।

यसरी अर्पण गर्नाले मोक्ष प्राप्त हुने विश्वास छ । नेपाली समाजमा विशेषत : हिन्दूहरुले भागवत, पुराण, स्वस्थानी व्रतकथा, सत्यनारायण पूजा , शिवरात्री, चौरासी पूजा, एकादशी, कृष्ण अष्टमीका साथै अन्य पूजा  यज्ञ आदिमा साँझको समयमा खैंजडी, मुजुरा, मादल, मृद्‌ङगा, बाँसुरी आदि बजाएर भक्तिपरक ढंगले गाइने चलन छ ।

भजन ठाँउ अनुसार फरक फरक लयको हुन्छ । यसै सन्दर्भमा कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं १६ बाटुलेचौरमा पनि विभिन्न आरतीहरु गाँउने गरिन्छ ।जस्तै :

सञ्जे जगाउ राम, आरतीको बेला भो,

ढोका खोल राम, भक्त आए मन्दिरमा

(ढोका खोल राम ......) ।

**४.५.३ ख्याली (खेली) भजन**

ख्याली भजन कास्की जिल्लामा निकै लोकप्रिय भजन हो । यो छोटो र चाँडै चाँडै विश्राम गरिने भजनको एक प्रकार हो । यसले धार्मिक चाडपर्व, पूजा , आराधना, आदिलाई घन्कायमान बनाइदिन्छ । यसलाई कतै टुप्पा कतै रोइला र कतै चुड्का पनि भन्ने गरिन्छ ।

ख्याली भजन पनि ठाँउ अनुसार विभिन्न भाकामा गाँइन्छ (पराजुली, २०५७ : १६५) । हाँसखेलका रुपमा व्यक्त हुने युवायुवतीको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भजन भनिन्छ (वन्धु, २०५८) । ख्याली तालमा छिटो छिटो द्रुत गतिमा पुऱ्याएर टुङ्ग्याइन्छ ।

यो भजन स्वस्थानी पूजा, व्रतवन्ध वा अन्य अवस्थामा मनोरञ्जनका लागि पनि गाइन्छ । ख्याली भजनको चरण हुदैन । केवल ढिलो सुरुगरी वाजाहरुको तालमा छिटो छिटो गाइन्छ । यस्तो भजनमा नृत्य गर्न पनि सजिलो हुन्छ । जस्तै :

उँदै सललल, गंगा जल निर्मल,

गंगा जल निर्मल,

(गंगा जल निर्मल) ।

### ४.५.४ वैराग्य भजन

इश्वर प्रति विश्वास गर्दै मुक्ति प्राप्तिका लागि गाइने भजन नै वैराग्य भजन हो । यो विशेषगरी उमेर पुगेका वुढावुढीले गाउने भजन हो । यो भजन छोटो, सुन्दा सुमधुर र रसात्मक हुने हुँदा बुढापाका, युवायुवती र केटाकेटी सबैले सुन्न मन पराउँछन् । बाटुलेचौर क्षेत्रमा पनि यो भजन  निकै लोकप्रिय छ । यसलाई गाउने क्रममा खैजडी, मुजुरा, मृदङ्गा, बाँसुरी, मादल, हार्मोनियम आदिको तालमा एकल वा संयुक्त रुपमा गाइन्छ । जस्तै :

जन्मायौ किन प्रभो, हुर्कायौ किन

तेरो मेरो भन्दा भन्दै, आइपुग्यौ लिन ।

(मेरो मेरो भन्छन् ..... )

दुइ दिनको मायामा फस्न सम्म फसियो

मेरो भन्दै बसियो ।

(दुई दिनको माया .......)

### ४.५.५ कृषिमा आधारित भजन

नेपालीहरुको मुख्य पेशा कृषि हो र अझै पनि धेरैजसो नेपालीहरुले कृषि पेशालाई नै अंगालेका छन् । यहाँ विभिन्न समयमा कृषिसम्बन्धि कथा, व्यथाहरुलाई भजनमा समावेश गरी गाउने चलन छ । खेतबारीमा काम गर्दा पनि भजनहरुलाई दोहोरीको रुपमा प्रस्तुत गर्ने चलन छ । असार मंसिरको कराकर वा कृषिमा लाग्दा वेफुर्सदी वा कष्ट पीर, विछोड, जस्ता विषयहरु लोक लयमा गाउने गर्दछन् । जस्तै :

केटा - अब बर्खा लाग्यो, खोली पनि भरियो, बन्धनैमा परियो ।

केटी - कामको कराकर, भेटघाट पनि भाछैन, हाल खबरै था छैन ।

(अब बर्खा लाग्यो ........)

### ४.५.६ माया प्रेमसंग सम्बन्धित भजन

ऋतुको चक्र झैं मानिसको जीवनमा पनि युवावस्था निकै उत्साही, सक्रिय, चञ्चल रुपमा आँउछ । वैशालु युवायुवतीले आफ्नो उमेर मिल्दा जोडीहरुसंग श्रृङ्गार रसले युक्त प्रेमपरक गीतहरु गाउने गर्दछन् । यी भजनहरु मुख्यत : झ्याउरे लयमा रचिएका हुन्छन् । यस्ता गीत मनोरञ्जनका लागि पनि गाउने गरिन्छ । जस्तै :

जम्ला ढुंगे साघु, खाम्ला बदाम किनेर

लाम्ला मायाँ चिनेर ।

(कालीपारे दाई.........)

### ४.५.६ विरह वेदनामा आधारित भजन

जीवनयापनका क्रममा अनि गरिबी, असफलता, वियोग, दुख, कष्ट, खीन्नता, आदि भएका वेलामा गाइने भजनलाई विरह वेदनामा आधारित भजन भनिन्छ । मनमा पीर परेका वेलामा मनमा उब्जीएका भाव, पीडा, वेदनालाई भजनको माध्यम द्वारा गाउने चलन छ । बाटुलेचौर क्षेत्रमा पनि यस्ता भजनहरु प्रचलनमा आउछन् । यस्ता भजनहरुद्वारा मानिसले आफ्नो मनको वेदनालाई पखालेर हलुका बनाउने गर्दछन् । जस्तै :

जन्मै नदेउ राम यिनै दुख हुन्भने ।

सधैं मनमा पीर, हरे मेरो तक्दीर ॥

(जन्मै नदेउ राम)

# अध्याय : पाँच

# बाटुलेचौर क्षेत्रका लोकभजनहरुको विश्लेषण

## ५.१ बाटुलेचौर क्षेत्रका लोकभजनहरुको विश्लेषण

यस अध्यायमा गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालीका को वडा नं १६ मा पर्ने बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनहरुलाई विभिन्न विषयवस्तुको आधारमा विश्लेषण गरिएको छ । भजन मूलत : कृतन र गुणगान सम्बन्धी गाइने हुनाले आराध्य देवीदेवताको गुण, शक्ति र सामर्थ्यको प्रस्तुति भजनमा महिमामय ढंगमा गरिन्छ । सांसरिक भोग, त्यागपूर्वक सांसारिक वस्तुको उपभोग गर्नुपर्दछ । त्यस्तै महिमामय ढंगले भगवानहरुको नाम जपीरहनुपर्छ भन्ने सन्देश दिन पनि भजन गाइएको पाइन्छ ।

हाम्रो नेपाली समाज, ईश्वर, पाप, पुण्य, स्वर्ग, नरक, यातना आदिमा विश्वास राख्ने गर्दछ । ईश्वरलाई र ईश्वरीय लोकलाई प्राप्त गर्न पुण्यमय सत्कर्म गर्नुपर्ने सन्देशलाई बाटुलेचौर क्षेत्रका भजनहरुले आफ्नो विषयवस्तु बनाएका छन् । त्यस्तै नेपालीहरुले सूर्य, चन्द्रमा रुख, तारा, आगो, स्वर्ग, मर्त्य, खोला नाला, गंगा जलसम्पदा आदिलाई भगवानको प्रतीकका रुपमा लिइ पूजा गरेको पाइन्छ ।

हाम्रो धर्म संस्कारले अरुलाई जालझेल, षडयन्त्र ढाँट्ने काम गर्न हुदैन भन्ने सन्देश दिएको छ । त्यसैले नेपाली लोकजीवनमा नीति र व्यवहार धर्मद्वारा नै निर्देशित छन् ।

बाटुलेचौर क्षेत्रमा मुख्यत : गणेश, शिव, कृष्ण, विष्णु, राम, हरी, दुर्गा आदि संग सम्बन्धित भजनहरु बढी मात्रामा गाइएको पाइन्छ । विशेषत : घरपैंचो, विभिन्न पुराण, सत्यनारायण पूजा, शिवरात्री, कृष्ण अष्टमी, स्वस्थानी, नवदुर्गा आदिमा भजन गाउने प्रचलन रहदै आएको छ । लोकभजन मुख्यत : धार्मिक भावनाबाट प्रेरित भई पुराणमा आधारित भई गाइन्छ । त्यसैले लोकभजनका विषय वस्तुहरु पनि धार्मिक कार्य एंव धार्मिक भावनाद्वारा प्रेरित हुन्छन् ।

समाजमा आइपर्ने प्राकृतिक तथा कृत्तिम विपत्ति, दुख, प्रेम, पीर, शोक, चिन्ता आदि भावनाहरु पनि भजनहरुमा व्यक्त गरिएको पाइन्छ । विभिन्न भगवानको अवतार र

तिनीहरुवाट धर्मको रक्षा गर्न, अधर्मको नष्ट गर्न, पुण्य कमाउन, तिर्थ ब्रत जाने मात्र होइन देवीदेवताको भजन गाइएको पाइन्छ ।

यस क्षेत्रमा विविध जातजाति बसोबास गरी विविध धर्म संस्कृति अंगाले पनि अधिकांश व्यक्तिहरुले हिन्दू धर्म मानी शिव, गणेश, राम, कृष्णको भजन गाउँछन् ।

बाटुलेचौर क्षेत्रका भजनहरुमा विविध बिषयवस्तु समेटिएका छन् । यस क्षेत्रका सामाजिक परम्परा, उत्सव, मेला, पर्व, व्रत आदि भजनका विषयवस्तुका स्रोतहरु हुन । बाटुलेचौर क्षेत्रमा हिन्दु धर्म अन्तर्गतका विभिन्न सम्प्रदाय तथा विभिन्न देवीदेवताहरुका नाममा भजनहरु गाँउने गरेको पाइन्छ । यहाँ शिव, राम, कृष्ण, गणेश, आदिसंग सम्बन्धित भजनहरु मात्र संकलन, अध्ययन र विश्लेषण गरिएको छ ।

### ५.१.१ गणेश संग सम्बन्धित भजन

लोक भजन धार्मिक भजनबाट प्रेरित भई पुराणमा आधारित भएर गाँइन्छ । कुनै पनि धार्मिक कार्य गर्दा गणेशलाई नै मुख्य देवताको रुपमा लिने चलन बाटुलेचौर क्षेत्रमा पनि विद्यमान छ । गणेशलाई विनायक भगवान्का रुपमा लिई पूजा गर्ने चलन छ । त्यस्तै गणेशको पूजा गर्नाले इच्छा पूर्ण हुने, बुद्धि , विद्या प्राप्त हुने लोकविश्वास रहदै आएको छ ।

गणेशको पूजा अन्य पूजा गर्दाका साथै विशेषगरी मंगलबार, गणेश चतुर्थीमा गणेश सम्बन्धी भजन गाउने गरेको पाइन्छ । गणेशको शरण पर्नाले विध्न वाधा नपर्ने, इच्छा सिद्धि हुने, बुद्धि विद्या प्राप्त हुने, लोकविश्वासले गर्दा नै गणेशको पूजा गरी भजन गाउँने चलन रहदै आएको छ । जस्तै :

विद्या बुद्धि दिने तिमी, तिम्रै शरण पर्छौं ।

विघ्न हर्ता गणेश, तिम्रै शरण पर्छौं ।

(विघ्न हर्ता गणेश ........)

### ५.१.२ कृष्ण चरित्र संम्बन्धी भजन

कृष्णलाई शक्तिशाली चञ्चल, सबैलाई मोहनी लगाउन सक्ने गुण भएका भगवानको रुपमा लिइन्छ । कृष्णसंग सम्बन्धित भजन मुख्यत : कृष्ण अष्टमीमा र अन्य वेलामा पनि गाउँने चलन छ । कृष्णलाई कंश जस्तो दुष्ट राक्षस लाई मार्ने सामर्थ्य  भएको शक्तिशाली भगवान्का रुपमा लिई भजन गाउँने चलन छ । बाटुलेचौर क्षेत्रमा कृष्णसंग सम्बन्धित भजनहरु तीन ओटा रहेका छन् । जुन यस प्रकार छन् :

**) कृष्ण चरित्र**

यसमा कृष्ण चरित्र भन्ने शीर्षकको भजनमा वासुदेव र देवकीको कोखबाट भाद्र महिना कृष्ण पक्ष अष्ठमीको मध्यरातमा भगवान कृष्णको जन्म भएको थियो । कंसले आफ्ना बहिनी ज्वाईलाई जेलमा राखेको छ । र उनीहरुवाट आठौं गर्भका रुपमा कृष्णको जन्म हुन्छ । कृष्ण भगवानको स्वरुपमा जन्मेकाले जेलका पहरेदारहरु सबै निदाएका र जेलको ढोका आफै खुलेको किम्वदन्ती छ पछि पहरेदार व्युझेपछि कंशलाई खवर गरेका ् ।

कृष्ण सानोमा चञ्चल प्रवृत्तिका भएकाले विस्कुन पोख्ने, मख्खन चोर्ने, दहीका भाँडा फोर्ने जस्ता कामहरु गर्थे । आकाशवाणी भएर कंशलाई मार्ने गोकुलमा कोही छ भन्ने थाहा पाएपछि कंशले कृष्ण मार्न पुतना पठाएको छ ।  पुतनाले अनेक हाउभाउ देखाएर कृष्णलाई दुध चुसाउँदा कृष्णले पुतनाको प्राण चुसेका छन् ।

कृष्णलाई देखेर गोपिनी अलमल पर्दछन् र कृष्णलाई गोकुलमा नजान आग्रह समेत गरेका छन् । तर कृष्णले आफु सानै भएपनि मथुरामा मामा भेट्न जाने निर्णय गरेका छन् । त्यसपछि मामा र भान्जाको धमासान लडाई भई अन्तमा कृष्णले कंशलाई मारेका छन् । यसरी भगवान श्री कृष्णको विजय र कंश को अन्त्यसंगै कृष्ण भजनको महिमा बढ्दै गएको हो । जस्तै :

भगवानको अवतार, थिए कृष्ण काले
त्यै भएर कंशलाई, छोयो दुर्दशाले
पापी भैदिनाले कंश मारे कृष्णले ।

(कृष्ण चरित्र ..........)

### ) कृष्ण गोपिनी संम्वाद

त्यस्तै अर्को कृष्णसंग सम्बन्धित भजन कृष्ण गोपिनी सम्वाद पनि हो । यसमा कृष्ण र गोपिनीको प्रश्नोत्तर शैलीमा कृष्णको भजन गाइएको छ ।

कृष्ण गोपिनी सम्वाद भजनमा कृष्णमा धेरै गोपिनीहरुलाई मोहिनी लगाउने गुण भएकाले सोह्र सय गोपिनीहरु पछि लागेको कुरालाई लिइन्छ । गोपिनीहरुले वृन्दावनको छेउछाउमा फूल रोपी तिमीलाई चढाँउला भनेका छन् । त्यस्तै तुलसीको माला गाँसेर कृष्णलाई चढाउने पनि भनेका छन् । तिमी मथुरा नजाउ फेरी हराउला त्यसैले यतै बस भनी आग्रह गरेका छन् । तर कृष्णले वृन्दावनका गाइबाच्छा गोपिनीका भरमा छोडी मामाघरमा बन्धनमा परेका आफ्ना बाबु आमालाई छुटाउन आफु मामाघर जानुपर्ने कुरा ब्यक्त गरेका छन् । तर गोपिनीहरु कृष्णले छोडेर गएको मा चिन्तीत भएर मनमा गाँठो पारी वृन्दावनको बाटो भरी आँसु चुहाएको कुरा यस भजनमा व्यक्त भएको छ । जस्तै :

धैर्य गर गोपिनी, रुन्छ मेरो मन

माधुराको कारागारमा बाबा आमा छन् ।

(कृष्ण गोपिनी सम्वाद ..........)

### ) नख्खु जेलमा पठायो

श्री कृष्ण सम्बन्धी  अर्को नख्खु जेलमा पठायो शीषर्कको भजन मा वासुदेव र देवकीको बिहेदेखि कै सन्दर्भलाई लिइएको छ । जसमा वासुदेव र देवकीको विहे भब्य तरिकाले भएको थियो र मथुराका कंशले वहिनी ज्वाँई राखी आफैले रथ हाँक्ने कार्य गरेका छन् । बीचबीचमा चौतारीको शित्तल लिदैं जन्ती पछि लाउँदै गर्दा कंशमाथि आकाशवाणी भएको र आठौं गर्भ सन्तान कंशलाई मार्ने कुरा यस भजनमा उल्लेख भएको छ ।

उक्त आकाशवाणी सुनेर कंश आफ्नो काल आएको ठानी छट्पटाएको कुरा यस भजनद्वारा ब्यक्त भएको छ । त्यसपछि कंशले आफ्नै बहिनी देवकीलाई नै मार्न पाए कृष्ण बलरामको जन्मै नहुने र आफुलाई मार्ने कोही नहुने कुरा कंशद्वारा ब्यक्त गरिएको छ । कशंले

बहिनीलाई मार्ने उद्देश्यले कुइयाएर लछार पछार पार्छ । कपाल सबै झारिदिन्छ । त्यो देखेर वाशुदेवले यो के चाल हो जेठान ज्यू हजुरको मान सम्मानमा दाग लाग्ला यस्तो नगर्नुहोस भनी विन्ती गरेका छन् । पछि वासुदेव र देवकीबाट जन्मेका आठौ गर्भलाई जेलभित्र राख्छु भन्दै बहिनी ज्वाइलाई हत्कडी लगाएर मथुराको जेलमा राखेको कुरा उल्लेख गरिएको छ ।

त्यत्ति भनिसकेपछि देवकीले आफ्ना सबै गर्भ कंशलाई दिने बाचा गरी नख्खु जेलमा आफुहरु बसेको कुरा यसरी व्यक्त भएको छ :

हत्कडीमा ज्वाइ बहिनीलाई मधुराको जेलमा

अब पर्लास पापी कंश, श्री कृष्णको खेलमा ।

(नख्खु जेलमा पठायो .......)

### ५.१.३ शिवसंग सम्बन्धित भजन

शिवजीलाई मूल देवताका रुपमा पूजा गर्ने चलन छ । ब्रह्मा, विष्णु, महेश्वर मध्ये सबभन्दा शक्तिशाली देवताका रुपमा महेश्वरलाई लिने चलन छ । हिन्दू धर्मावलम्वीहरुले शिवलाई सर्बश्रेष्ठ देवता भनि पूजा गर्छन । बाटुलेचौर क्षेत्रमा गाइने मुख्य भजनहरु मध्ये शिवसंग सम्बन्धित तिन वटा भजन प्राप्त भएका छन् ति हुन् :

#### ) शिवसंग विविध रुप

यस शीर्षकको भजनमा कैलासमा बसी बाघको छाला, नागको माला लगाउने सबैको संहार गर्ने, देवताका रुपमा लिने चलन छ । भोलेनाथका नामले चिनिने शिवजीलाई प्राय : सबै प्रकारका पूजा गर्दा नै पुज्ने चलन छ । विशेषगरी शिवरात्रीमा शिवको महिमा धेरै गाइएको पाइन्छ शिवरात्रीमा पूजा गर्दा मुख्य गरी गाइको दुध, वेलपत्र, फूलप्रसाद चढाउने गरिन्छ ।

शिवरात्रीमा व्रत बस्ने ब्रतालुहरुले शिवजीकै नाममा स्नान गरी निराहार वसेर पूजा गर्ने र बेलपत्र चढाई शिवलिङ्गमा गाइको दूध चढाउने गर्दछन् । बेलुका ठाँउ ठाँउमा धुनी वाली दुध, प्रसाद चढाएपछि मात्र खाना खाने गर्दछन् र उक्त धुनीमा शिवको प्रसाद स्वरुप उखु पड्काउने चलन छ ।

शिवरात्रीका साथै स्वस्थानी तथा तीजमा पनि हिन्दू अविवाहित नारीहरुले शिवजी जस्तै श्रीमान पाउँ भनी र विवाहितहरुले श्रीमानको दीघार्यूको कामना गर्दै ब्रत बसी पूजा गने चलन बाटुलेचौर क्षेत्रमा चली आएको छ ।

शिवलाई कैलाशमा बसी शिरमा मुकुट, चन्द्रमा र खरानी लगाउने, संहारकर्ता देवताका रुपमा लिइन्छ । शिवजीलाई मुख्यत : धतुरो मन पर्ने र फूलमा वेलपत्र मनपर्ने हुँदा मुख्य फुलका रुपमा वेलपत्र चढाउने चलन छ । गण्डकीका शिर कैलाशमा बसी सबैको रक्षा गर्ने शिवजीले मर्त्य पाताल र स्वर्ग तीनै लोक धानेको विश्वास भएको कुरा यस भजनमा व्यक्त गरिएको छ ।

शिवजीलाई ब्रम्हा, विष्णु, महेश्वर, हरी आदि नामले चिन्ने गरेपनि सबैको संहार गर्ने एउटै हरी हुन भन्ने विश्वास साथ शिवजीको भजन गाउने चलन छ । जस्तै :

मर्त्य, पाताल, स्वर्ग, तिनै लोक धान्ने

को होला र शिवजीको शक्तिलाई नमान्ने

शिव हर हर, गाईको दुध जलधार

(शिवजीका विविध रुप ...........)

### ) शिवजीका तिर्थस्थलहरु

त्यस्तै अर्को 'शिवजीका तीर्थस्थलहरु' सम्बन्धी भजन पनि यस क्षेत्रमा गाउने गर्दछन् । धतुरो खाइ खरानी घसेर हातमा त्रिशूल लिने दयाका खानी शिवजीले भक्तका दुखलाई आफ्नै दुख ठानी कृपा गर्छन भन्ने सन्दर्भमा यो भजन गाउने गरिन्छ । शिव शंकर भोलेको दर्शन गर्नको लागि हरहर मन्दिर देवघाटमा ॐ नम : शिवाय भन्दै जाँउ शिवको धाममा भनिएको छ । त्यस्तै कालीगंगा शीरमा शिवजीले चन्दन र पुष्प धसी बस्दछन् । बिराट शालिग्रामको दर्शन गर्नका लागि गण्डकी नुहाउन सेती बेनी जाने चलन छ । त्यसैले शंकर भोलेको दर्शन गर्न सेती बेनी जाँउ भनी भजनमा उल्लेख गरिएको छ ।

भगवान शिवले आफूले विष पान गरेर भएपनि सृष्टि बँचाएको कुरा उल्लेख गरेर दुष्ट, पापीलाई शिवले सजाय दिन्छन्  भन्ने विश्वास रहदैं आएको छ । शंकर भोलेका धामहरु त्रिवेणी, पशुपति, रिडीधाम, मुक्तिनाथ आदि प्रसिद्ध धार्मिक स्थलहरु हुनाले शिवको दर्शन गर्न यी धामहरुमा जाउ भन्ने भनाइ भजनमा व्यक्त गरिएको छ । भजनमा शिवजीप्रति संकेत गर्दै भनिएको छ :

विष पान गरेर सृष्टि बचाँए

दुष्ट र पापीलाई दिन्छन् सजाँए

बम बम बम

शंकर भोले बम बम बम

दर्शन गर्न त्रिवेणीमा जाम  ।

(शिवजीका तीर्थस्थलहरु .......)

## ) ॐ नम शिवाय

यसका साथै यस क्षेत्रमा ॐ नम : शिवाय भन्ने शीर्षकसंग सम्बन्धित भजन पनि गाउने गरिन्छ । यसमा पनि शिवका विविध रुप जस्तै गरी शिवको गुणगान गाइएको छ ।

प्रस्तुत भजनमा शिवलाई शक्ति, भक्ति मुक्तिधाम, ब्रम्हा, विष्णु, राम सबैका रुपमा लिइएको छ । जसमा रात दिन, विहान जतिबेला पनि मुखमा शिव कै नाम आओस भन्ने कुरा उल्लेख गरिएको छ । एक व्रतालले आफ्नो मनमा शिवकै छवि बसाएर उनकै शरणमा आफु आएको कुरा व्यक्त भएको छ  र भक्तले रात दिन शिवकै नाम मनमा आओस् भन्ने  ईच्छा व्यक्त गरी यो भजन गाइन्छ । जस्तै :

यस्तो विहानी नआओस्, नआओस् यस्तो रात
जुन दिन मेरो मुखमा, नआओस् शिवको वात

(ॐ नमः शिवाय .......)

### ५.१.४ रामसंग सम्बन्धित भजन

मर्यादापुरुष रामले त्याग तपस्या र मानव कल्याणलाई जीवनको मुख्य लक्ष्य बनाइ आदर्श राष्ट्र स्थापना गरेका थिए । दुष्ट रावणलाई मारेर समाजलाई भयबाट मुक्तिको मार्ग देखाउने काम रामबाट नै भएको पाइन्छ । त्यसैले हिन्दू धर्मावलम्बीहरुले विशेष श्रद्धाका साथ रामलाई भगवानका रुपमा मान्दै आएका छन् । बर्षेनी रामनवमीका दिनमा रामको विशेष पूजा आराधना र उपवास वस्ने गर्दछन् । र रामकै जीवन कहानीमा आधारित भजन गाँउने चलन छ । रामसंग सम्बन्धीत भजनहरु बाटुलेचौर क्षेत्रमा तीन वटा छन् ति हुन् :

#### ) राम भजन

'राम भजन' भन्ने शीर्षकको भजनमा रामका चार भाइ राम, लक्ष्मण, भरत र शत्रुधन मध्ये रामलाई पूजा गर्ने चलन छ । राजा जनककी छोरी सीतालाई विवाह गर्नको लागि धनुषवाण उठाउनुपर्ने थियो तर त्यो उठाउन कसैले नसकेका र पछि राम गई धनुष उचाल्न सफल भएपछि राम र सीताको विवाह भयो । त्यसैले अयोध्या र जनकपुरमा जानकी धाम रहेको छ । तर पछि कैकयीले रामलाई वनवास र भरतलाई राजकाजको जिम्मा दिएपछि लक्ष्मण पनि दाजु रामसंगै वनवास जाने निर्णय गरेका छन् ।

यस भजनमा जंगलको कुटीमा लक्ष्मण र सीतालाई छाडेर राम मृगको शिकार गर्न जाँदा रावणले सुनको मृग बनाई रामलाई अल्मल्याएको र लक्ष्मण दाजु खोज्न जाँदा रावण जोगीको भेषमा कुटिमा आइ भिक्षा दिए लाने नत्र श्राप दिने भनि छल गरी सीतालाई हरण गरेको प्रंसग उल्लेख गरिएको छ ।

पछि जंगलबाट राम लक्ष्मण आँउदा सीता कुटीमा नभएको कुरा उल्लेख छ । रावणले सीतालाई हरण गरी लंका लैजाँदा सीताले स्वामी भनी कराउने, चिच्याउने गरेकी छन् । दुष्ट रावणले सीतालाई हरण गरी लंका पुऱ्याएको किम्वदन्ती छ । पछि प्रभुको लीला भइ राम लङ्कामा उपस्थित भई रावणको अन्त्य भएको किम्वदन्तीले गर्दा नै रामलाई पूजा गर्ने र रामको भजन विशेष महिमाका साथ गाइने चलन छ । रामको वनबास भजनमा रामप्रति संकेत गर्दै भनिएको छ :

यो कुरा थाहा होला, हामी सबइलाई

धनुस वाण उठाएर, ल्याए सीता माइलाई

पाइदैन देखेको, रामलाई सीता लेखेको ।

(राम भजन ...........)

) **रामको बनिवास**

रामको बनिवास भन्ने शीर्षकको भजनमा पनि रामको वारेमा नै केन्द्रित भएर गाइएको छ । जसमा दशरथका चार भाई छोरामध्ये जेठा रामले देश र जनताका प्यारा भएर देश चलाएका छन् । रामलीला अपार भएको तर कैकयीले दुई बर माग्दा रामलाई चौध वर्षका लागि वनवास पठाएकी छिन् । राम र सीता वनवास जान लाग्दा लक्ष्मण पनि पछि लाग्छन् । वनवास गए पछि जंगलको वीचमा कुटिको बास हुन्छ ।

कुटिमा रहेको वेलामा मरिचबुट्टे सुनको मृग वरीपरी नाचेको हुन्छ । सीताको जिद्धीले गर्दा म चोलिया लगाउछु त्यो मृग मारिदेऊ भनेपछि मृग पछ्याई राम निकै दुख पाउदै गए र रावणको छलकपट थाहा पाए । लक्ष्मण दाजु खोज्न जान्छु भनि भाउजुलाई लक्ष्मण रेखा ननाग्न आग्रह गरेका छन् ।

त्यही बेलामा रावण आइ सीता सँग भिक्षा माग्न थाल्यो । सीताले लक्ष्मण रेखा पार गर्दिन भन्दापनि हट्टाकट्टा सुन्दर रावणले सीताको मन पगाल्न सफल भएर लक्ष्मण रेखा नाघ्न बाध्य बनाएको छ । यसरी रावणले लक्ष्मण रेखा वाहिर आएपछि मात्र भिक्षा लिन्छु नत्र श्राप दिन्छु भनि सीतालाई घेरावाहिर ल्याउन सफल भइ सीताको हरण गर्न सफल भएको छ । जस्तै :

रेखा वाहिर आइदेउ बल्ल भिक्षा लिन्छु ।

नत्र तिमीलाई तुरुन्तै मैले श्राप दिन्छु ।

(रामको वनवास ........)

) **राम सीता कहानी**

त्यस्तै अर्को राम सीता कहानी शीर्षकको भजन पनि बाटुलेचौर क्षेत्रमा प्रचलित छ । यसमा भारतको अयोध्याका रघुकुलका श्रेष्ठ राजा, दशरथ थिए । उनी प्रतापी एवं चक्रवर्ती थिए । उनका तीन रानी कौशल्या, कैकेयी र सुमित्रा थिए तर सन्तान थिएनन् सन्तान नभएकोमा र दशरथ राजा साह्रै चिन्तित थिए । एकदिन सप्तऋषि घुम्दै राजा दशरथलाई भेट्न आए र राजाले आफ्नो चिना देखाए । चिना देखाउँदा पुत्रेष्ठि यज्ञ गरेमा सन्तान प्राप्त हुने कुरा देखेपछि उक्त यज्ञ गरियो र राजाका तिनै रानीहरु गर्भवती भए, समय पुगेपछि क्रमश : राम, लक्ष्मण, भरत र शत्रुधन जन्मिए । जसमा कौशल्याका राम, कैकेयीका भरत र शत्रुधन कान्छि सुमित्राका लक्ष्मण थिए । उनीहरु बढ्दै गएपछि उनीहरुको व्रतवन्ध गरेपछि गुरुकुलमा विश्वामित्र ऋषिका साथ पठाइ दिए ।

विश्वमित्रसँग छोटो समयमा नै शिक्षा प्राप्त गरे । त्यही क्रममा जनकपुरमा राजा जनकले जानकीको स्वयम्बरको तयारी भएको आकाशवाणी भयो । राम लक्ष्मण र विश्वामित्र सीताको स्वयम्वरका लागि गए । जनकपुरमा उनिहरुको भव्य स्वागत गरियो । स्वयंम्बरमा धेरै राजा राजकुमारहरुको उपस्थिति थियो तर राजा जनकको शर्त शिवधनुषमा ताँदो चढाउन सक्नेलाई मात्र विवाह गर्ने थियो । तर सबै असमर्थ हुन्छन् । लंकाको राजा रावण पनि शिवधनु तोड्ने काममा संलग्न थियो । तर हल्लाउन पनि सकेन त्यही धनुष रामचन्द्रले सजिलै ताँदो चढाई धनु खैंचंनु भयो, तर पुरा खिच्न नपाउदै धनु भाँचियो । रामचन्द्रको निम्ति विजय ताली बज्यो । जानकीले रामलाई वरमाला पहिर्‍याइन र दुवैको भव्य कार्यक्रमका साथ विवाह भयो र उनीहरु अयोध्या फर्के । राजा दशरथले रामलाई राज्याभिषेक गरी आफु सन्यास लिने विचार गरेका थिए तर माहिली रानी कैकेयीले राजासँग २ वटा वर मागेकी थिइ । त्यो वर उनले आवश्यक परेका वेला माग्ने भनेको हुँदा रानीले उत्तिखेर त्यो वर अनुसार रामलाई वनवास र भरतलाई राज्याभिषेक मागिन । त्यही वर कैकेयीले राजासंग मागेपछि रामचन्द्रले माहिला भाई भरतलाई राजकाजको जिम्मा लगाई लक्ष्मण सहित सीता अघि लागाई वनवास हिडे । वाटोमा अनेक दुख कष्टहरु भोगे । रावणले कहिले मृगरुप कहिले जोगी रुप गरी सीतालाई हरण गर्‍यो । त्यसपछि रामचन्द्रले सुग्रीवसंग मीत लगाई जटायुका साथ लिई वाँदर सेनाको साथ लिई बाटोमा पुल बनाई लंका प्रवेश गरेर लंकामा रावणको भाई इन्द्रजीत संग धमासान युद्ध भयो । अन्तमा रावणको भाई इन्द्रजीत युद्धमा मारिए र कान्छा भाई विभीषणलाई सम्पूर्ण राज्यको जिम्मा लगाई

सीतालाई लिइ अयोध्यामा फर्केर सम्पूर्ण अयोध्यावासीले राम र सीताको जय जयकार मनाएर राजा वनाई रामराज्य बनाइ निश्चिन्त भएर बसे । जस्तै :

युद्ध भयो रावणसंग, सबै दैत्य मरे

भक्त थिए विभीषण, राज्य उनलाई दिए

सीताजीलाई लिएर फर्के रामचन्द्र

सीताजी लाई लिएर

(राम सीताको वनवास .......)

## ५.२ बाटुलेचौर क्षेत्रका भजनमा भाषा

मानिसहरुले आफ्नो मनको भावना र विचारहरु भाषाका माध्यमद्वारा नै व्यक्त गर्दछन् । सामान्य भाषा भन्दा साहित्य र सिर्जनामा प्रयुक्त भाषा सुन्दर कलात्मक हुन्छ । लोकगीतमा लोकजीवनले प्रयोग गर्ने सरल र अकृत्रिम लययुक्त भाषाको प्रयोग भएको हुन्छ । लोकगीत अन्तर्गत भजन र चुड्कामा पनि ग्रामीण जनजिब्रोकै बोलीचालीको भाषा प्रयोग भएको हुन्छ ।

बाटुलेचौर क्षेत्रका भजन पनि समाजकै सामूहिक सिर्जना भएकाले परम्परा देखि हस्तान्तरण हुदै आएका भाषाहरु प्रयोग भएको पाइन्छ । लोकगीतमा देखापर्ने स्थानीय भाषाको प्रभाव लोकभजनमा पनि देखिएको पाइन्छ । भाषालाई लयदार र शैली शिल्पप्रदान गर्न शब्दलाई मिठासपूर्ण बनाउन तर्फ लोकमानसले सोचेर त्यही किसिमको भाषाको प्रयोग गरेको पाइन्छ । भजनमा कतिपय शब्दहरु अन्य भाषाबाट पनि आएका पाइन्छन् । जस्तै :

गाई गंगा तुलसी, तीलको दान,

हाम्लाई पनि बैकुण्ठ लैजाउ भगवान ॥

(एकादशी भजन .........)

ठुलो एकादशीमा पूजा  गर्दा फूल तार्ने चलन छ । एकादशीमा तुलसी, तीलको दान गरी फूल तारेमा धर्म हुने विश्वास रहदै आएको छ । माथिको भजनमा हाम्लाइ भनेर कर्ताहरुलाई भन्न खोजिएको हो । र भजनमा शब्द मिलाउन परम्परादेखि नै प्रचलित शब्द हाम्लाई पनि हो । यस क्षेत्रमा प्रयुक्त भजनहरुमा पनि त्यस्ता शब्दहरु प्रयोग भएका छन् :

जस्तै : कर्ता - करता

लक्ष्मण - लक्षुमन

दर्शन - दरिसन

सबैलाई - सवइलाई

यी र यस्तै भाषाहरुको मिश्रणबाट गीतलाई लयदार बनाउने गरेको पाइन्छ ।

## ५.३ बाटुलेचौर क्षेत्रका भजनहरुको शैली

कुनैपनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । र यसलाई अभिव्यक्ति गर्ने ढंग र तरिका शैली हो । शैली आगमनात्मक, निगमनात्मक, सरल, अलङ्कृत वर्णित आदि किसिमका हुन्छन् । तर भजन प्रश्नोत्तर र वर्णनात्मक शैलीद्वारा गाउने गरिन्छ ।

भाषा विचार र भावको बाह्य आवरण हो र शैली भाषाको स्वप्न व्यक्तित्व र अस्तित्व हो । यस क्षेत्रमा विशेषत : प्रश्नोत्तर शैलीमा बढी भजनहरु गाइन्छ । प्रश्नोत्तर शैलीमा भजन गाँउदा प्रथम पंक्ति वा भजनमा जिज्ञासा वा प्रश्न राख्ने र दोस्रो पंक्ति वा भजनमा उत्तर दिइन्छ । यस्तो शैलीलाई दोहोरी पनि भन्ने गरिन्छ । जस्तै :

प्रश्न : किन हो र आको, के परि परि टोलाको

उत्तर : खोजें वर्ष दिन प्रभु पाउनै सकिन

(बाहिर खोज्दै नहिन .........)

माथिको भजनमा प्रश्न कर्ताले किन टोलाको भनेको छ भने त्यसको उत्तरमा प्रभुको नाममा टोलाएको तर पाउन नसकेको भनि उत्तर दिएका छन् । त्यस्तै भजन गाँउदा अपनाइने अर्को शैली वर्णनात्मक शैली पनि हो । व्यास शैलीमा सानो कुरालाई पनि लम्ब्याएर ब्याख्या गर्ने परिपाटी वर्णनात्मक शैलीमा हुन्छ । यस्तै गरी लम्ब्याएर ब्याख्या गर्दै गाँउने चलन बाटुलेचौर क्षेत्रमा पनि प्रचलित छ । जस्तै :

हरी भजनमा लाग्यो मेरो मन

आज वाँसुरीको धुन सुनेर

(हरी भजन .........)

माथिको भजनमा हरिलाई विहानीपख व्युझाउने क्रममा सम्पूर्ण कुराहरु जुठो भएको र चढाउने कुरा नपाएको कुरा उल्लेख गरिएको छ ।

# अध्याय छ

# उपसंहार, निष्कर्ष र सुझाव

## ६.१ उपसंहार

बाटुलेचौर क्षेत्रमा प्रचलित लोकभजनहरुको संकलन गर्ने सन्दर्भमा यस शोधपत्रमा नेपाली लोकसाहित्यको सर्वाधिक चर्चित विधा लोकगीतको एक उपविधाका रुपमा रहेको लोकभजनलाई लिइएको छ । भने क्षेत्रगत रुपमा कास्की जिल्ला बाटुलेचौर क्षेत्रमा पर्ने बडहरबोट, अम्बीका टोल, महेन्द्रगुफा, अमर दीप, आदि लाई लिइएको छ ।

यस अध्ययन पत्र तयारीको शिलशिलामा स्थलगत भ्रमण गरी सम्बन्धित क्षेत्रमा भजन गाँउने भक्तजनबाट भजन गाएको अवसर पारी र मौखिक रुपमा भजन गाँउन लगाई भजनहरु संकलन गरिएको छ । संकलित भजनलाई आधार मान्दै नेपाली लोकभजनलाई नेपाली लोकगीतको एक प्राचीन उपभेदको रुपमा देखाइएको छ ।

नेपाली लोकसाहित्यको अति नै लोकप्रिय विधा लोकगीत अन्तर्गतको उपविधा लोकभजन हो । लोकभजन प्राचीन कालदेखि नै धार्मिक, मनोरञ्जनात्मक, धर्म संस्कृति एवं बौद्धिकताको महत्वपूर्ण हिस्सा बनाउन सफल लोकभजनहरु हाल आधुनिक सस्कृति र पश्चिमी सभ्यताले गर्दा लोप हुने अवस्थामा पुगेका छन् । यस क्षेत्रको लोक भजनको अध्ययन गर्दै जाँदा प्रायजसो बुढाबुढीमा मात्र सीमित हुन पुगेको पाइयो । ब्राह्मण क्षेत्रीहरुले आफ्नो लोक विश्वास र मौलिक परम्परालाई निरन्तरता दिदैं आएका छन् । त्यस्तै लोकभजन मूलत : बुढाबुढीले गाउने हुँदा मौलिक परम्परामा ठेट नेपाली वा स्थानीय कथ्य भाषाको प्रभाव परेको पाइयो ।

यो अध्ययन पत्र तयार गर्ने क्रममा बाटुलेचौरका विभिन्न स्थानमा चौरासी पूजा , घरपैचो, शिवरात्री, कृष्ण अष्ठमी, सत्यनारायण पूजा  आदि जस्ता पर्वहरु पारेर भजनेहरुसँग सम्पर्क गरी संकलन गरिएको छ ।

यस अध्ययन पत्रको अध्याय एकमा शोध परिचय अन्तर्गत अध्ययन शीर्षक, उद्देश्य समस्या समाधान, प्रयोजन देखि लिएर सामग्री संकलन विधि र विश्लेषण सम्मका विषयवस्तु समावेश गरी अनुसन्धानको महत्व र औचित्यलाई प्रष्ट्याई अध्ययन पत्रको रुपरेखा दिने काम गरिएको छ ।

अध्याय दुईमा बाटुलेचौर क्षेत्रको परिचय, , सामाजिक रहनसहन, सास्कृतिक चाडपर्वहरु, शैक्षिक स्थिति, धार्मिक स्थल र पुरातात्विक पर्यटकीय अवस्था एवं मन्दिर आदिको स्थितिको सामान्य परिचय दिइएको छ ।

अध्ययन तीनमा लोकसाहित्यको चिनारी लोकगीतको सिद्धान्त, लोकगीतका तत्वहरु, लोकगीतका विशेषता, लोकगीतका प्रकार, लोकगीत र लोकभजन वीच समानता र भिन्नता देखाउने काम गरिएको छ ।

अध्याय चारमा बाटुलेचौर क्षेत्रका लोकभजनहरुको संकलन र वर्गीकरण गरी लोकभजनको परिचय, महत्त्व, लोकभजनका तत्वहरु, बाटुलेचौर क्षेत्रमा प्रचलित लोक भजनहरुको परिचय, भजनहरुको बर्गीकरण, संकलन गर्ने काम गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा बाटुलेचौर क्षेत्रका लोकभजनहरुको विश्लेषण गर्ने क्रममा गणेशसँग सम्बन्धित भजन, कृष्णसंग सम्बन्धीत भजनहरु, शिवसंग सम्बन्धित भजनहरु, र रामसँग सम्बन्धित भजनहरुको विश्लेषण गरिएको छ ।

त्यस्तै यस क्षेत्रमा प्रयुक्त भजनहरुको भाषा, शैली जस्ता विविध पक्षबाट विश्लेषण गरिएको छ । यस अध्याय छ मा उपसंहार र निश्कर्ष निकाली यस अध्ययनमा सारांश, निश्कर्ष र भावी अध्ययन र अनुसन्धानका लागि सुझावहरु तयार पारिएको छ । यस्तै परिशिष्ट अर्न्तगत भजन संकलनका क्रममा प्रयुक्त भजनहरु, भजनमा प्रयुक्त मौलिक शब्दहरुको शब्दार्थ, अध्ययनका क्रममा लिइएका फोटोहरु समावेश गरिएको छ ।

## ६.२ निष्कर्ष

लोकसाहित्य अर्न्तगत पर्ने लोकगीत नेपाली समाजको ढुकढुकी नै हो । लोकगीतको प्राचीन रुप पनि भजन नै हो । नेपाली लोकगीत बनपाखा, भञ्ज्याङ चौतारी अनि देउरालीहरुमा

घन्किएका छन् । ठीक त्यसैगरी नै बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुले पनि सामाजिक, धार्मिक, ऐतिहाँसिक, पर्यटकीय, साहित्यिक मूल्य मान्यता राख्दै परिवर्तनको बाटोमा लम्किएको छ । यस क्षेत्रका भजनहरु नेपालको पश्चिमी क्षेत्रमा गाइने भजनहरुसँग मिल्दाजुल्दा देखिएपनि सामान्य लय, भाषा र भाकामा केही अन्तर पाउन सकिन्छ । तर विषयगत प्रस्तुतिको आधार र लय भने मिल्दो जुल्दो छ ।

यस क्षेत्रमा उपलब्ध भजनहरु मध्ये लामो लयमा गाइने भजनहरु लोप हुने अवस्थामा पुगिसकेका हुनाले छिटपुट मात्रामा मात्र रहेको पाइन्छ । मुख्य गरी ख्याली भजन, आरती भजन, नाम कृतनमा आधारित भजन, विरह वेदनामा आधारित भजन, प्रेममा आधारित भजनहरु बढी मात्रामा प्रचलनमा रहेका पाइन्छन् ।

नेपाली लोकसाहित्यको विकासमा भजनले जुन योगदान दिएको छ त्यसप्रति आजको जनमानस युवापुस्ताले खासै ध्यान दिएको देखिदैन । सामाजिक जीवनमा छरिएर रहेका भजनहरु पहिले देखि नै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुदै मौखिक परम्परामा जीवित रहदै आएको विधा भजन हो । कतिपय महत्वपूर्ण भजनहरु पनि लोप हुने स्थितिमा पुगेकाले तिनीहरुको संरक्षण गरी लोकसाहित्यको विकासमा उर्जा प्रदान गर्न सकियोस भन्ने अभिप्रायले यसको अध्ययन आवश्यक ठानी यी भजनहरु संकलन गरिएको छ ।

### ६.३ सुझाव

यस क्षेत्रका भजनहरुको अध्ययन पछि यस क्षेत्रमा निकै धेरै भजनहरु हुन लोप लागेका र तिनको संरक्षण सम्बद्धन गर्नुपर्ने देखिन्छ । यहाँ यस सानो अध्ययन पत्र बाहेक अन्य कुनै अध्ययन, अनुसन्धान हुन सकेको छैन । यस अध्ययन पत्रमा पनि लोकसाहित्यका सम्पूर्ण विधाहरु समेट्न सकिएको छैन । त्यसैले यस क्षेत्रमा प्रचलित लोकसाहित्यका निम्नानुसार विधा तथा उपविधाहरुको संकलन गरि अध्ययन, विश्लेषण गर्न आवश्यक देखिन्छ ।

१. बाटुलेचौर क्षेत्रका रत्यौली गीतहरुको संकलन र अध्ययन
२. बाटुलेचौर क्षेत्रका दोहरी गीतहरुको संकलन र अध्ययन
३. बाटुलेचौर क्षेत्रका लोककथाहरुको संकलन र अध्ययन
४. बाटुलेचौर क्षेत्रका उखान टुक्काहरुको संकलन र अध्ययन
५. बाटुलेचौर क्षेत्रका तिज गीतहरुको संकलन र अध्ययन
६. बाटुलेचौर क्षेत्रका बाह्रमासे  गीतहरुको संकलन र अध्ययन
७. बाटुलेचौर क्षेत्रका देउसीभैलो गीतहरुको संकलन र अध्ययन

# सन्दर्भग्रन्थ सूची

आर. डी र एल.एल (२०२३), **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,** काठमाडौं : जगदम्बा प्रकाशन ।

गौतम, शोभाकान्त (२०५४), **लुम्ले गा.वि.स.मा प्रचलित लोकगितको संकलन र वर्गीकरण,** स्नातकोत्तर तह शोधपत्र, काठमाडौं : त्रिभूवन विश्वविद्यालय ।

चालिसे, विजय (२०३९), **डोटेली लोकसंस्कृति र साहित्य,** काठमाडौं : साझा प्रकाशन ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोक संस्कृति,** काठमाडौं : रत्न पुस्तक प्रकाशन ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज (२०४१), **लोक संस्कृतिको घेरामा लम्जुङ्ग**, काठमाडौं : साझा प्रकाशन ।

थापा, धर्मराज र हंशपुरे सुवेदी (२०४१), **नेपाली लोक साहित्यको विवेचना**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी (२०४४), **नेपाली लोक संस्कृतिको संगोष्ठी**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, कुशुमाकर (२०६०), **धवलागिरि अञ्चलमा प्रचलित लोक गीत एक अध्ययन**, काठमाडौं : विश्वविद्यालय अनुदान आयोग, नयाँ बानेश्वर ।

पन्त, कालिभक्त (२०४३), **हाम्रो साँस्कृतिक इतिहास**, काठमाडौं : दास्रो संस्करण लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोक गीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन प्रा.लि ।

पोखेल, बालकृष्ण (२०४०), **नेपाली बृहत शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखेल, शिवप्रसाद (२०५७), **आँधीखाले भजन चुड्काहरुको अध्ययन र विश्लेषण**, स्नातकोत्तर तह शोधपत्र ।

बन्धु, चूडामणी (२०५८) **नेपाली लोक साहित्य** , काठमाडौं : एकता बुक्स ।

लोहनी, लक्ष्मण (२०१३), **रोदीघर**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बनवासी, देवीप्रसाद (२०५५), **आँधीखोले लोक संस्कृति**, काठमाडौं : चित्रलेखा प्रकाशन ।

शर्मा, पुण्यप्रसाद (२०४९), **बाटुलेचौरका गाइने जातिमा प्रचलित लोक गितको अध्ययन**, स्नातकोत्तर तह, शोधपत्र ।

शर्मा, मोहनराज (२०५०), **गीति विश्लेषणका समाकालीन आधारहरु**, जेष्ठ प्रज्ञा पूर्णाङ्क ७७ ।

(२०७१/०७२), **वार्षिक नगर विकास योजना,** पोखरा उपमहानगरपालिका ।

# बाटुलेचौर क्षेत्रमा प्रचलित भजनहरुको संकलन



नाम : नरमाया के.सी
उमेर : ६० वर्ष
ठेगाना : पोखरा १६,
बाटुलेचौर
(अम्बीका टोल)

## १. जय गुरु गणपति

जय गुरु गणपति, मंगलमूर्ति
मंगल होस्, मंगल होस् सवको
जय गुरु गणपति मंगलमूर्ति
मंगल होस्, मंगलहोस् सवको
प्रभो ! दर्शन पाइ सव जनको
मन हर्दम उज्वल हो, सवको
जय गुरु गणपति

मुक्ति दिने तिमी, मुक्ति दिने तिमी
ध्यान सव मनित, दृष्टि दिने तिमी
जय गुरु गणपति
भक्तजनहरुको भाव बुझिदिने,
भक्तजनहरुको भाव बुझिदिने
अनि सारा सम्पत्ति, शक्ति दिने
जय गुरु गणपति मंगलमूर्ति
मंगल होस्, मंगल होस् सवको ।

## २. ढोका खोल राम

नाम : तारा प्रसाद तिमिल्सिना
उमेर : ६३ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(बडहरबोट)

सञ्जे जगाउ वाला
आरतीको वेला भो ॥
सञ्जे आरतीमा
कपुर बत्ती जलाइदेऊ ॥
सञ्जे आरतीमा
कपुर बत्ती झलल ॥
उनै देवी माथी

दशौ दिशा आरती ॥

जय जय दुर्गा माता

कृतन गाँउछौ अवत ॥

हरी भन्छु मैले

राम राम भन सबैले ॥

कोटी नमस्कार

आफ्नो धर्म सस्कार ॥

**३. बाहिर खोज्दै नहिन**



नाम : सुर्य बहादुर थापा मगर
उमेर : ४६ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

किन  हो र आको, के पीर परि टोलाको ।

खोजे वर्ष दिन, प्रभु पाउनै सकिन ।

मनमा भक्ति चाहिन्छ, खोजेर कहाँ पाइन्छ ।

म मा जती भार, भक्ति कसमा होलार ।

प्रभु भन्नु हुन्छ, कर्म गरे फल हुन्छ ।

छैन भनि साध्य, कति गरे तपस्या ।

मन्को इश्वर चिन, बाहिर खोज्दै नहिन ।

**४. राम भजन**



नाम : ओमबहादुर के.सी
उमेर : ७२ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

ह । .....अयोध्या र जनकपुरमा जानकीको धाम

राम, नाम सत्य छ भजैं राम राम

रामको पैतालामा कदम फूल लखेको

हरी हरी

हा .... यो कुरा थाहा होला हामी सवइलाई

धनुषवाण उठाएर ल्याए सीता माइलाई

पाइदैन देखेको, रामलाई सीता लेखेको

हरी हरी

हा ... कैकेयीको आज्ञा भयो रामलाई बनिवास

इश्वरकै खटन थियो, उनलाई खास

रामलाई बनिवास भरतलाई राजकाज

हरी हरी

हा..... भरतलाई राज्य मागीन कैकेयी छिन् गरी

संगै जान्छु भन्छन् वरा लक्षुमन फेरी

लक्ष्मण जस्तो भाइ भए हुन्थ्यो सवैलाई

हरी हरी

हा... ऋषिमुनी भरतलाई सम्झाउदैमा ठिक्क

खराउ लिइ फर्के भरत मनमा मान्दै दिक्क

खराउ राजा गद्धिमा भरतको जिद्धीमा

हरी हरी

हा..... बाघभालुको डर थिएन, अशुरको डर थियो

सुर्णखाले रुप फेरेर रामलाई झुक्याइदियो

सुनको हरिण मार्न रामलाई पऱ्यो गुहार्न,

हरी हरी

हा..... रावण आयो त्यै वेलामा जोगी रुपगरी

भिक्षा माग्दै सीता छेउमा जोगीले झै गरी

भिक्षा दिए लानी हो नत्र सराप दिनी हो ।

शिव शिव

हा ...... शक्ति माथि घमण्डी त्यो लङ्का  राजा रावण

एउटी नारी अवलालाई गऱ्यो उसले हरण

सीता रोईकराइन, स्वामी भनि चिच्याइन

हरी

हा .... राम लक्ष्मण आउदा खेरी कुटी मा कोइ छैन

के भयो लै किन भयो, उनलाई कै था छैन

लिला थ्यो प्रभुको, नास गर्ने असुरको

हरी हरी

## ५. शिवजीका विविध रुप

नाम : ओमबहादुर के.सी
उमेर : ७२ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

शीव हर हर गाइको दुध जलधारा
मर्त्य पाताल, स्वर्ग तीनै लोक धान्ने,
को होला र शिवजीको शक्तिलाई नमान्ने
शिव हर हर गाईको दुध जलधारा

वम्हा विष्णु महेश्वर नाम थरी थरी
आखिरीमा बुझ्दा खेरी रैछन् एउटै हरी
शिव हर हर गाईको दुध जलधारा

संहारकर्ता शीवजी कैलासमा वस्ने
शीरमा मुकुट चन्द्रमा, खरानी धस्ने
शिव हर हर गाईको दुध जलधारा

शीवजीको कैलाशमुनी जोगी वस्यो ध्यान
कस्ले देला अर्ति बुद्धि कसले देला ज्ञान
शिव हर हर गाईको दुध जलधारा

## ६. शिवजीका तिर्थस्थलहरु

धतुरा खाएर भस्मा लगाउने
हातमा त्रिशुल शीरमा गंगा कति सुहाउने
हे भोले नाथ तिमी दयाका खानी
भक्तका दुखलाई हेर्छौं । आफ्नै दुख ठानी
हरी हर मन्दीर देवघाटैमा
नम : शिवाय जपी जाँऊ है बाटैमा
शिवजीको धाम संगमतिर
इच्छा पुरा हुन्छन् मानवतिर



नाम : रामु के.सी
उमेर : ३४ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

बम बम बम

शंकर भोले बम बम बम

दरिशन गर्न देवघाट जाम

काली गंगा शीरैमा शिवजी बसेका

शीरमा सधैं चन्दन र पुष्प घसेका

विराट शालीग्रामको दर्शन पाँऊ

गण्डकी नुहाउन सेती वेनी जाँउ

बम बम बम

शंकर भोले बम बम बम

दरिसन गर्न सेति बेनि जाम

वीष पान गरेर सृष्टी बचाँए

दुष्ट र पापीलाई दिन्छन् सजाँए

बम बम बम

दरिसन गर्न त्रिवेणीमा जाम

**७. ॐ नम शिवाय**

ॐ ॐ ॐ  नम शिवाय

शिव हो शक्ति, शिव हो भक्ति

शिव हो मुक्ति, धाम शिव हो ब्रम्हा

शिव हो विष्णु, शिव हो मेरो राम

यस्तो विहानी नआओस् नआओस् यस्तो रात

जुन दिन मेरो मुखमा, नआओस शिव वात

ॐ नम शिवाय, ॐ नम शिवाय

मन मन्दिरमा वास छ तिम्रो, तिम्रै शरण आँए

तिम्रै चरणमा पाएँ, मैले यो विसराम

यस्तो विहानी नआओस, नआओस यस्तो रात

जुन दिन मेरो मुखमा, नआओस शिववात

नाम : रेशम बस्नेत
उमेर : ४२ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

### ८. विघ्न हर्ता गणेश



नाम : लक्ष्मी देवकोटा
उमेर : ३७ वर्ष
ठेगाना : पोखरा १६, बडहरबोट

तिम्रै शरण पर्छौं, विघ्न हर्ता गणेश
विनाएक विध्नेश्वर, तिम्रै शरण पर्छौं
विद्या बुद्धि दिने तिमी, तिम्रै शरण पर्छौं
विघ्न हर्ता गणेश

निर्वुद्धिलाई वुद्धि दिने, निवर्ललाई बल
ऋद्धि शिद्धी शुभलाभ, तिम्रै परिवार
विघ्न हर्ता गणेश
गंगाधारी पिता तिम्रो, उमा तिम्रो माता,
सबको इच्छा पुरा गर्ने, जगतका दाता
विघ्न हर्ता गणेश

दयावान लामो शुण, चारभुज धारी
शिरमा सिन्दुर मुकुट सुहाउछ, मुसाको सवारी
विघ्न हर्ता गणेश
पित्तृ भक्ति मातृ भक्ति, साह्रै राम्रै गर्ने
व्रमाण्डमै पहिलो पूजा,  गणेश जी कै हुने
विघ्न हर्ता गणेश

फूल प्रशाद दुवो चढ्छ, चढ्छ अनि मेवा
गणेशजीको प्रिय लड्डु, भक्त गर्छन सेवा
विघ्न हर्ता गणेश ।

### ९. कृष्ण चरित्र

नाम : लक्ष्मी देवकोटा
उमेर : ३७ वर्ष
ठेगाना : पोखरा १६,बाटुलेचौर
बडहरबोट

भाद्र महिना अष्ठमी, आधा रातको पानी
जन्मे कृष्ण मथुरामा, गोकुल क्यारी लानी
जन्म भयो कृष्णको, अष्ठमीको रातमा

जन्म भयो कृष्णको
भगवानको उत्तीखेरै, लिला भयो हेर
पहरेदार सब निदाए, आफै खुल्यो जेल
जन्मे मधुरामा, लगे कृष्ण गोकुलमा

यमुना कन्या लिएर, वाशुदेव जेलमा आए
पहरेदार सब् ब्युझिए, कशलाइ वोलाए
आयो कंश हेर, कन्या मार्न भनेर

हातबाट फुत्कीन कन्या, आकाश वाणी भयो हेर
तँलाई मार्ने गोकुलमा, पुगे यत्ति खेर
छैन मधुरामा, तँलाई मार्ने गोकुलमा

आकशवाणी सुनेर हेर, कंश डरायो
कृष्ण मार्न भनेर, पुतना पठायो
कृष्ण मार्न भनेर, पुतना पठायो
कृष्ण मार्न भनेर
हाउ भाउ देखाइ पुतनाले, कृष्णलाई वोलाइन
काखमा लिइ वालकलाई आफ्नो दुध चुसाइन
दुध चुस्दा चुस्दै, परान चुसे कृष्णले
बढ्दै गए कृष्ण वाला, अनेक लिला गरे
विस्कुन पोखे, मख्खन चोरे, दहीका भाँडा फोरे
दहीं चोरी खाए, तिम्रा वाला कृष्णले

तिम्लाई देख्दा हे कृष्ण, पछौं अलमल
तिम्रै रुप सधैं भरी देख्छु झलल
गोल्यानी अल्मल, हृदयमा झलल

भगवान कृष्ण, सानै भएपनि
जान आँटे मथुरामा, मामा भेट्न भनी
जान हुदैन नि, गोकुल छाडी मथुरा

पापी मामा कंश, मार्ने इराधामा
लिला गर्दै कृष्णजी, पुगे मथुरामा
मामाको र भान्जाको, लडाइ हुन लाग्यो
मामाको र भान्जाको

भगवानको अवतार, थिए कृष्ण काले
त्यै भएर कंशलाई, छोयो दुर्दशाले
पापी भैदिनाले, कंश मारे कृष्णले
पापी भैदिनाले, मामा मारे भाञ्जाले

## १० कृष्ण गोपिनी सम्वाद

नाम : नरमाया के. सी
उमेर : ६० वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

कृष्ण काले नक्कले, नक्कल नपार
सोह्र सय गोपिनीको आँशु नजार
कृष्ण काले नक्कले .......
वृन्दा वनको छेउ छाउमा, फूल रोपौंला
फूल टिपी माला गाँसी, तिम्लाई चढाउला
कृष्ण काले नक्कले .............
वृन्दावनको छेउ छाउमा, तुलसी रोपौंला
तुलसी टिपी माला गाँसी, तिमीलाई चढाँउला
कृष्ण काले नक्कले .............
नजाउ कृष्ण मथुरा, उत्तै हराउला
वृन्दा वनको गाइ बाच्छा, कसले चराउला
कृष्ण काले नक्कले .............
चिठ्ठी आयो जानुपर्‍यो, मामा घरैमा

वृन्दा वनका गाइ वाच्छा, तिम्रो भरैमा
कृष्ण काले नक्कल ..........
धैर्य गर गोपिनी, रुन्छ मेरो मन
मथुराको कारागारमा, बाबा आमा छन् ।
कृष्ण काले नक्कले .............
वृन्दाबनको बाटो पथमा, आँशु झर्दछ
गोपिनीको मनभित्र, गाँठो पर्दछ ।
कृष्ण काले नक्कले .............
कृष्ण काले नक्कले, नक्कल नपार
सोह्र सय गोपिनीको, आँशु नझार
कृष्ण काले नक्कले .............

**११ मेरो मेरो भन्छन्**

जन्मायौ किन, प्रभु
हुर्कायौ किन
तेरो मेरो भन्दा भन्दै
आइ पुग्यौ लिन



नाम : रेसम बस्नेत
उमेर : ४५ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

हरी वोल हरि वोल, झुटो माया जाली
दुई दिनको जिन्दागानी, कर्कलाको पानी

एक्लै आयौं, एक्लै जान्छौं, लानु केही छैन
मेरो मेरो भन्छन् ,सबै, मेरो केहि छैन

कालो कपाल फुलेर, सेतो भैसक्यो
धर्म गर्छु भन्दा भन्दै, उमेर गैसक्यो ।

**१२. दुई दिनको मायामा**

नाम : ओमबहादुर के.सी
उमेर : ७२ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

दुई दिनको मायामा, फस्न सम्म फसियो
मेरो भन्दै वसियो ।
गर्नुपर्ने थियो, राम्रो मैले करिम
गरिन नि धरिम
मानव चोला पाएर, विषयमा लाएर
दिन विताँए खाएर ।
आजसम्म यस्तै भो, अब भजन गर्ने हो ।
भब सागर तर्ने हो ।
विषयमा लाइयो, साह्रै दुख पाइयो
बल्ल देवघाट आइयो ।
हरिहर धाममा, पदम शरण कसेर
भजन गर्छु बसेर
हरिहर मन्दिरको, दर्शन गरे तरिन्छ
जन्मेपछि मरिन्छ ।
देख्दै मन रमाउने, बस्छन् शंकर झोला
यस्तो अन्त काँ होला
अब जे जे गरुन, जान्न मत फर्केर
बस्छु बरु तर्केर

**१३ जाम्ला ढुंगे साँघु**

नाम : रामु के.सी
उमेर : ३४ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(अम्बीका टोल)

जाम्ला ढुंगे साँघु, खाम्ला बदाम किनेर
लाम्ला माया चिनेर

माया लाईदैन, न चिनेको दाइ सित
नचिनेको दाइ सित

आज यतै बसौं, माया पनि लगाम्ला
चिन जान पनि गरम्ला

काली पारे दाइको, बोली कति सुरीलो
बोली कति सुरिलो

बिर्सिनसकिनी, क्याजन्मीको पापीनी
क्या जन्मिछौं पापिनी

मैरै करिमले मैलाई ठग्यो मै रुन्छु
मैलाई मग्यो मै रुन्छु

हिड हाम्रो घर, खुदो खाउली चम्चाले
मुख छोपौंली गम्छाले

जान्न तिम्रो घर, उखु पेल्न दुख छ
मलाई माइतै सुख छ

काली गण्डकीले, वारी पारी हानेकी
जता पनि जानेकी

तिम्लाई इज्यतको, मलाई डर नरको
मलाई डर नरको

### १२ उदै सललल



नाम : चन्द्रकला के.सी
उमेर : ६५ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(संगम चोक)

उदैं सललल, गंगा जल निर्मल
गंगा जल निर्मल
मलाई यसै जाती, गंगाजीलाई फूलपाती
गंगाजीलाई फूलपाती
देखिन गंगा माईले, फूलको डोली ल्याएको
फूलको डोली ल्याएका
धर्म करतालाई, फूल तारेर नदीलाई
फूल तारेर नदीलाई
उदैं सललल, लौरी पनि मै पनि

लौरी पनि मै पनि
शिरै मुक्तिनाथ, बग्दै काली देउघाट
बग्दै काली देउघाट
छोप किनारैमा, फूल वगायो नदीले
फूल वगायो नदीले
म छु किनारैमा, फूल बगाउन के दिउँला
फूल बगाउन के दिउँला ।



नाम : कवि हरिलाल तिमिल्सिना
उमेर : ७५ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(बडहर बोट)

**१३ नख्खु जेलमा पठायो**

वासुदेव र देवकीको, भव्य भयो विहे
मधुराका कंशले भारी दाइजो दिए
बहिनी ज्वाई राखेर, आफै रथ हाँकेर
रथ अघि जन्ती पछि, नाच्दै गाँउदै थिए
बिच बाटैमा चौतारी सीतल लिंदा भए
बहिनी ज्वाई राखेर, आफै रथ हाँकेर
त्यत्ति खेरै कंशमाथि, भयो आकाशवाणी
आठौं गर्भ कृष्णले, कंशलाई नमारी
कंश छट्पटायो, अब मेरो काल आयो
देवकीलाई मार्न सके टन्टै, खलाँस हुन्थ्यो
कहाँका कृष्ण वलराम, कस्ले मलाई छुन्थ्यो
अबमेरो काल आयो, कंश छट्पटायो
बहिनीलाई कंशले, लछार पछार पाऱ्यो
कुइयाएर कंशले, सबै कपाल भाऱ्यो ।
घमण्डका खानी, ए दाइ कंश अज्ञानी
विन्ती गर्छन बासुदेव, के चाल हो जेठान जी
तिम्रो इज्यत सम्मानमा, धक्का लाग्ला दाजी
घमण्डका खानी, यी दाइ कंश अज्ञानी
कबुल के छ भन्नुहोस, खुसीले स्वीकार्छु,

आठै गर्भ देखाउ मलाई, जेलभित्र राख्छु
        ए अधर्मी कंश, मास्नी भयौ यदुवंश
हत्कडीमा बहिनी ज्वाइलाई, मधुराको जेलमा
अब पर्लास पापी कंश, श्रीकृष्णको खेलमा
        सबैलाई सतायो, नख्खु जेलमा पठायो ।
देवकीका सबै गर्भ, हजुरलाइ चढाँउला
जे, जे आज्ञा हजुरका, ति सबै मानौंला
        सबैलाई सतायो, नख्खु जेलमा पठायो

**१४ रामको वनवास**

नाम : कवि हरिलाल तिमिल्सिना
उमेर : ७५ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(बडहरबोट)

दशरथका चारभाइ छोरा, तिमध्ये जेठा राम
देश जनताका पियारा बनी, चलाए आफ्नो नाम
        कस्ले बुझ्छ सार, रामलीला अपार
आफै गए बढउलीमा, राज्याभिषेक रामलाई
दिन्छु भनी दंशरथले, वोलाए तमाम्लाई
        राम लिला अपार, कस्ले बुझ्छ सार
कैकयीले दुईवर, सोही वखतमा मागिन
चौधवर्ष बनबास, रामलाई पठाइन
        दुष्ट कैकेयी रानी, रामलाई लाग्यौ वनवास
एक्लै जान्छु भन्दै थिए, लक्ष्मण पछि लागे
रामलाई छोड्न मानिनन्, सीतानी पठाए
        दृष्ट कैकेयी रानी, रामलाई लायौ वनवास
चित्रकुटमा कुटी थियो, जंगको बसाई
मरिचबुट्टे सुनको मृग, नाच्यो नि रमाइ
        त्यही बेला सिता भन्छिन्, यै चोलिया लाँउछु, सुनको मृग मारिदेउ
मृग पच्छाई राम गए, निकै गोता पाए
रावणकै छलकपट, रामले थाहा पाए
        मै चालीया लाँउछु, सुनको मृग मारिदेउ

रामको खोजी गर्छु भनी, लक्ष्मण उठी गए
लक्ष्मणरेखा नागेर, भाउजु कही नगए

एकलै छु बनमा अति ताप छ मनमा


जोगी भेषमा रावण आयो, भिक्षा माग्न थाल्यो
हट्टाकट्टा सुन्दर थियो, उनको मन पगाल्यो

दिउँकी नदिउँ बनायो, निकै कर लगायो

रेखा बाहिर आइदेऊ, बल्ल भिक्षा लिन्छु
नत्र तिम्लाई तुरुन्तै, मैले श्राप दिन्छु

एकलै छु बनमा, अति ताप छ मनमा
रुन्छीन सीता माइ, बिनाइ बिनाइ महलमा

**१६ राम कहानी**



नाम : चेतराज तिमिल्सिना
उमेर : ६६ वर्ष
ठेगाना : पोखरा १६, बाटुलेचौर
(बडहर बोट)

पहिलो चरण नमस्कार, बेद व्यासजीलाई
दोस्रो चरण नमस्कार, पुरुषोत्तम रामलाई

रधुकुल दशरथ, चक्रवर्ति थिए
तिनका थिए तीन रानी, सन्तानहीन थिए

भावीको लेखान्तर, कस्ले जान्दछ र

राजा थिए साह्रै दुखी, भेट्न आए ऋषि
चिना हेरे महाराजको, कुण्डलीमा देखी

भन्छन् ऋषि राजालाई, पुत्र यज्ञ गर है

शुभ लग्न मुहर्तमा, यज्ञ सुरु भयो
मूल थिए ऋषि गण, यज्ञ विधि भयो

सबै खुसी भए, हास्य काव्य विधिले

बरुणजी खुसी भए, अग्नीबाट निस्के
सुनको थालीयामा, पायस उनले दिए

पायस दिए राजाले, दिए बरुणजीले

तीन भाग लगाइदिए, दिए सबलाई बाँडी

प्रसाद भनी बाँडी खाए, थाली भयो खाली
रानी भए दोजीया, यज्ञका प्रभावले
चार कुमार पैदा भए सबै रानी बाट
खेल्थे राजा राजकुमार लिइ सधैं साथ
रामको लिला अपार, कस्ले जान्दछर
राजकुमार बढ्दै गए, गरुकुल पठाए
गरु थिए विश्वामित्र, सबैलाई पढाए
धनुर्विद्या जानेर, सबै दैत्य मारे
तपोवनमा घुम्थे सबै, मार्थे सबै अरी
बेद ब्राह्मण पुथ्वीको, रक्षा हुने गरी
भू-भार हरणलाई, जन्म भयो रामको
विचरण गर्दै थिए, मुनी सँग मिलि
खेल्थे सधैं जंगली भेषमा, धनुषवाण भिरी
आकाशवाणी भयो, खवर पाए मुनीले
राम लक्ष्मण लिइकन, हिडे विश्वमित्र
सबै ठाँउको परिचय, दिन्थे भित्र भित्र
लिन्थे ज्ञान दुवैले, दिन्थे विश्वामित्र
जब पुगे जनकपुर, झिली मिली थियो
शिव धनु उठाई ताँदोराख्ने, उनको शर्त थियो
धनु तोडे रामले, बरमाला लाए,
रावण पनि स्वयंवरमा, उपस्थित थियो
धनु खिच्न नसकेर, नत मस्तक भयो
रावण भयो मुर्छित, शिव धनुष देखि
सीताजीलाई विहे गरी, आयोध्यामाा गए
राज्याभिर्षक हुँदै थियो, राम दरबार पुगे
सीता रामलाई देखेर, सबै खुसी भए
कैकेयीको मन विगार्नी मन्थरा नै थिईन
रामचन्द्रलाई बन पठाइ, भरतलाई राज्य मागिन

जाली मन्थराले, मनविगरिन कैकयीको
रामचन्द्र सीता सहित वनवास गए
लक्ष्मण सहित सेवक बनि, उनकै साथ भए
भए हुन्थ्यो सबैलाई, लक्ष्मण जस्तो भाई
सीता जीलाई हरण गर्ने अनेक दाउ गऱ्यो
रामलक्ष्मणलाई दु : ख दिइ, जोगी भेष गऱ्यो
लक्ष्मण रेखा तोडेर, लग्यो रावणले, रामकी सीता हरेर
सीताजीलाई हरि लग्यो, लंकामा पुऱ्यायो
चारैतिर द्वारे राखी, सुरक्षा खटायो
म पनि कम्ती काँ छु र, भन्छ दैत्यसुर
शत्रुलाई वध गरे, मित्रता बढाए
सुग्रीवसंग मितेरी लगाइ, बानर सेना लिए
पुल हाले नदिमा, सबै बाँदर मिली
हनुमान चलाख थिए, दुत बनी गए
सीताजीको साम्ने पुगी, चिनो औंठी दिए
फर्के दुवै लंकामा, दरवार हेर्नलाई
लंका बासी सबै मिली, पुच्छरमा आगो लगाइदिए
नास हुने रावणको, भन्ने जनाइ दिए
सारा लंका जलाए, एकल हनुमानले
युद्व भयो रावणसंग, सबै दत्य मरे
भक्त थिए विभिषक, राज्य उनलाई दिए
सीताजीलाई लिएर, फर्के रामचन्द्र
सीता राम जब पुगे, अयोध्यामा हेर
पीताजीको क्रिया कर्म, गर्न लागे फेर
कस्ले मान्दैन र, आफ्नो धर्म सस्कार
मर्यादापुरुष सीतारामको, जय जयकार गरौं
आफ्नो धर्म सस्कृतिका, हामी रक्षा गरौं
राम जस्ता पियारा, कोइ पनि छैनन् मेरो
संक्षेपमा भने मैले, रामायण भन्ने
पुरुषोत्तम श्री राममा, भक्ति भाव राख्ने
रामजस्ता पियारा, कोइपनि छैनन मेरा

## परिशिष्ट 'ख'

केही सान्दर्भिक शब्दार्थहरु:

| शब्द | अर्थ |
|---|---|
| क्यारी | कसरी |
| परान | प्राण |
| वाला | वालक |
| निवुद्धि | बुद्धि नभएको |
| निर्वल | बल नभएको |
| प्रभो | प्रभु |
| साङमा | साधुँमा |
| जाम्ला | जाँउला |
| लगाम्ला | लगाँउला |
| गरम्ला | गरौला |
| करिम | कर्म |
| तिम्लाई | तिमीलाई |
| करता | कर्ता |
| दरिशन | दर्शन |
| धरम | धर्म |
| विषय | भोगविलास |
| आको | आएको |
| सवइलाई | सबैलाई |
| बरा | विचरा |
| अशुर | शत्रु/राक्षस |
| अवला | अशहाय |
| कोइ | कोही |
| देउघाट | देवघाट |
| थाभैन | थाहा भएन |

| | |
|---|---|
| पियारा | प्यारा |
| बुढ्उली | बृद्ध/बुढो अवस्था |
| गोता | दुख |
| चोलीया | चोलो |
| विनाइ | पीडा व्यक्त गरी |
| अधर्मी | धर्म नभएको |
| थालियामा | थालीमा |
| दोजिया | दुई जीउको |
| ताँदो | धनुषको मुख्य एक भाग |
| दैत्य | दानव |
| द्वारे | गेटपाले |
| एकल | एक्लो |
| वानर | बाँदर |
| नतमस्तक | लाज/लजाउनु |
| भारी | धेरै |
| टन्टैखलाँस | समस्या समाधान |
| बखत | बेला |

# *अध्ययनका क्रममा लिइएका फोटोहरु*



कृष्ण अष्ठमीमा बडहरबोट आमा समुहको भजन



शिवरात्रीको अवसरमा स्था[illegible]र मन्दीरमा गाइएको भजन



स्थानीय गुरुदत्त भट्टराईको घरमा घरपैचोको अवसरमा आयोजित भजन



घरपैचोको अवसरमा भजनेहरु



कृष्णअष्टमीको अवसरमा विध्यावासिनी उच्च मा.वि.मा भएको भजन प्रतियोगीता



नवदुर्गाको अवसरमा स्थानिय कालीका मन्दीरमा गाइएको दुर्गाको भजन



कृष्णअष्टमीमा स्थानियहरुद्वारा
निकालिएको कृष्ण गोपिनीहरुको
भजन



स्वस्थानी साङ्गेको अवसरमा
खिचिएको फोटो



सप्ताह साङ्गेको अवसरमा आयोजित भजन